का.जि.प्र.का.द.नं. १००/०५९/६०

२८ साउन २०८१,
सोमबार
12 August, 2024
Monday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न


वर्ष २२, अंक १८१ । पृष्ठ १०

Madhyanha National Daily

adhyanhadaily.com

# प्रचण्डलाई नेतृत्व छाड्न दबाब

३५ वर्षदेखि पार्टी नेतृत्वमा रहेका पुष्पकमल दाहाल प्रचण्डले पार्टीभित्र सांगठनिक नेतृत्व छाडेर आफूलाई वैचारिक नेतृत्वमा कायम राख्नुपर्ने मत स्थायी समितिको बैठकमा प्रस्तुत भएको हो ।





“अध्यक्षज्यूले जनयुद्धपूर्वदेखि शान्ति प्रक्रियासम्म अविच्छिन्नरूपमा ३५ वर्ष नेतृत्व लिने अवसर पाउनुभयो । अब त्यस्तो हुनुहुँदैन । अबको नेतृत्व अविच्छिन्न हुनु हुँदैन ।

**वर्षमान पुन**
**उपमहासचिव**
**माओवादी**



“अध्यक्ष प्रचण्डको वैचारिक नेतृत्व कायम नै रहने गरी सांगठनिक नेतृत्वमा नयाँ अनुहार ल्याऔं । बरु अध्यक्षले चाहेको नेतालाई नेतृत्वमा अगाडि सार्न सक्नुहुन्छ ।

**जनार्दन शर्मा**
**उपमहासचिव**
**माओवादी**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २७ साउन ।

नेकपा माओवादी केन्द्रभित्र सांगठनिक नेतृत्वको विकल्पको खोजी भएको छ ।

पार्टीको स्थायी कमिटीको बैठकमा नेताहरूले पुष्पबकल दाहाल प्रचण्डको बैचारिक नेतृत्व कायम राखेर सांगठनिक नेतृत्वमा नयाँ पात्रलाई ल्याउनुपर्ने प्रस्ताव प्रस्तुत भएको छ ।

३५ वर्षदेखि पार्टी नेतृत्वमा रहेका प्रचण्डले पार्टीभित्र सांगठनिक नेतृत्व छाडेर आफूलाई बैचारिक नेतृत्वमा कायम राख्नुपर्ने मत स्थायी समितिको बैठकमा प्रस्तुत भएको हो ।

यस्तो प्रस्ताव उपमहासचिवद्वय वर्षमान पुन र जनार्दन शर्मा दुवैले राखेका छन् । उनीहरूको प्रस्तावमा अन्य नेताहरूले समेत समर्थन जनाएपछि प्रचण्डलाई नतृत्व छाड्न दबाब परेको छ ।

पार्टी कार्यालय पेरिसडाँडा बसेको बैठकमा उपमहासचिव जनार्दन शर्माले आन्तरिक समस्या, संगठन निर्माण र आगामी कार्यनीति सम्बन्धमा लिखित प्रस्ताव पेस गरेका गरेका छन् ।

पार्टीमा समस्या आउनुमा विधि र पद्धति अनुसार पार्टी नचल्नु, जनयुद्धमा लडेका योद्धाहरूको व्यवस्थापन गर्न नसक्नु, पार्टीभित्र फरक मत राख्नेलाई दबाउन खोज्नु, नेताहरूको जीवनशैली पारदर्शी नहुनु लगायत रहेको उनको >>> पृष्ठ २ मा

# काठमाडौंमा भारतीय विदेश सचिव

*भारतीय विदेश सचिव विक्रम मिस्रीले राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री केपी शर्मा ओली, पूर्वप्रधानमन्त्री एवम् प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग भेटवार्ता गरेका छन् ।*

**शिव विक/मध्यान्ह**
काठमाडौं, २७ साउन ।

भारतीय विदेश सचिव विक्रम मिस्री दुई दिने नेपाल भ्रमणमा छन् ।

नेपाल भ्रमणका लागि आइतबार बिहान काठमाडौं आइपुगेका मिस्रीले शीर्ष भेटघाट गरेका छन् ।

उनले राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री केपी शर्मा ओली, पूर्व प्रधानमन्त्री एवं प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग भेटवार्ता गरेका छन् ।

शीर्ष भेटघाटमा नेपाल-भारत सम्बन्ध र पारस्परिक हितका विभिन्न विषय तथा आपसी सहयोग विस्तार लगायत विषयमा शीर्ष नेताहरूबीच कुराकानी भएको छ ।

राष्ट्रपति भवन शीतल निवासमा मिस्रीसँग भएको शिष्टाचार भेटमा द्विपक्षीय हित र सम्बन्धका विविध विषयमा कुराकानी भएको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

राष्ट्रपति पौडेलले जलवायु परिवर्तन असर न्यूनीकरणका लागि नेपाल भारत मिलेर काम गर्नुपर्ने बताएको उनको सचिवालयले जनाएको छ । पौडेलले नेपालको विकासमा भारतको ठूलो सहयोग रहेको उल्लेख गर्दै सचिव



मिस्रीको कार्यकालमा दुवै देशबीचको सम्बन्ध अझ प्रगाढ हुने विश्वास व्यक्त गरेका छन् ।

भारतीय विदेश सचिव मिस्रीले ऊर्जा, कृषि, पर्यटनजस्ता नेपालको प्राथमिकतामा रहेका परियोजनामा भारत पनि काम गर्न इच्छुक रहेको बताए । मिस्रीले भारतले स्थिर, शान्त र समृद्ध नेपाल हेर्न चाहेको भेटका क्रममा बताएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए ।

राष्ट्रपति पौडेललाई भेट्नुअघि मिस्री प्रधानमन्त्री ओलीलाई भेट्न प्रधानमन्त्री कार्यालय सिंहदरबार पुगेका थिए ।

प्रधानमन्त्रीको सचिवालयका अनुसार भेटका अवसरमा दुई पक्षीय र मित्रवत् सम्बन्धलाई अझै मजबुत बनाउने बारेमा छलफल भएको छ ।

भेटमा परराष्ट्र मन्त्रालयका सचिव सेवा लम्साल र ओलीका प्रमुख स्वकीय सचिव राजेश बज्राचार्य लगायत सहभागी रहेको प्रधानमन्त्रीको सचिवालयले सार्वजनिक गरेको भिडिओमा देखिन्छ ।

प्रधानमन्त्री ओलीसँग भेटेपछि उनले माओवादी अध्यक्ष प्रचण्ड र कांग्रेस सभापति देउवालाई भेटेका हुन् । कांग्रेस सभापति देउवासँग बुढानीलकण्ठमा भएको भेटमा दुई देशबीचको आपसी सम्बन्ध थप >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# विज्ञ टोलीले बुझायो श्रम आप्रवासन नीति २०८१ को मस्यौदा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २७ साउन

वैदेशिक रोजगार विज्ञ डा. गणेश गुरुङ नेतृत्वको कार्यदलले दक्ष कामदार निःशुल्क वैदेशिक रोजगारमा पठाउनुपर्ने नीति बनाउन सिफारिस गरेको छ । श्रम आप्रवासन नीतिको मस्यौदा तयार गर्न ९ महिनाअघि गठित विज्ञ टोलीले तयार पारेको 'श्रम आप्रवासन नीति २०८१' को मस्यौदा आइतबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीलाई बुझाएको छ ।

मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा विज्ञ टोलीका संयोजक डा. गुरुङले श्रममन्त्री शरतसिंह भण्डारीलाई मस्यौदा



हस्तान्तरण गरे । मस्यौदा बुझ्दै श्रममन्त्री भण्डारीले नेपाली कामदार दशकौं अघिदेखि वैदेशिक रोजगारीमा गएपनि राष्ट्रिय आप्रवासन नीति नरहेकाले कार्यदल गठन गरी प्रतिवेदन लिइएको बताए । मन्त्री भण्डारीले प्रतिवेदन मन्त्रालयको वेबसाइटमार्फत सार्वजनिक गरी सरोकारवालाहरुको सुझाव लिएर थप परिमार्जन गरी कार्यान्वयनमा लैजाने भन्दै सुझाव दिन विज्ञ तथा सरोकारवालाहरुलाई आग्रह गरे । श्रम तथा आप्रवासन क्षेत्रमा नयाँ नीति निर्माणका लागि प्रस्तुत मस्यौदा प्रभावकारी हुने भन्दै मन्त्री भण्डारीले कामदारले रकम तिर्नु नपर्ने, एकीकृत सूचना सम्प्रेषण र स्थानीय रोजगार केन्द्रलाई सशक्तीकरण गर्दै रोजगारीका लागि भारत जाने कामदारलाई समेत समेट्नेलगायतका विषय मस्यौदामा रहेको >>> पृष्ठ २ मा

### देखाउने म्यानपावर पठाउने कन्सल्ट्यान्सीबाट

काठमाडौं/मस- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले वैदेशिक रोजगारका क्षेत्रमा देखिएको ठगीले राष्ट्रिय पहिचान बदल्ने खतरा देखिएको टिप्पणी गरेका छन् । गत वर्षमात्रै वैदेशिक रोजगार ठगीका ३ हजार ३ उजुरी दर्ता भएको भन्दै मन्त्री भण्डारीले ठगीमा सबै पक्ष उत्तिकै सहभागी रहेको जिकिर गरे ।

मन्त्री भण्डारीले कन्सल्ट्यान्सीदेखि वार्षिक सय जना कामदार पठाउन नसकेका केही म्यानपावर कम्पनीले पनि व्यक्तिगतरुपमा कामदार पठाएको सूचना आफूसँग रहेको बताए । उनले भने, >>> पृष्ठ २ मा

# स्वास्थ्य बीमाको दायरा पाँच लाख पुऱ्याइने

आम्दानीको आधारमा प्रिमियम र भुक्तानीको प्रणालीलाई व्यवस्थित र वैज्ञानिक बनाउन स्वास्थ्य बीमाको नीतिगत र कानूनी व्यवस्था पुनरावलोकन गर्ने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प्राथमिकता र कार्ययोजना छ ।



“स्वास्थ्य सेवालाई गुणस्तरीय र सेवा प्रवाह प्रक्रिया सहज बनाउन, आबद्धतालाई द्रुत गतिमा बढाउन स्वास्थ्य बीमा ऐनबमोजिम औपचारिक, अनौपचारिक क्षेत्रलाई समेत अनिवार्य स्वास्थ्य बीमामा समेट्न खोजिएको छ ।

**प्रदीप पौडेल**
**मन्त्री**
**स्वास्थ्य तथा जनसंख्या**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २७ साउन ।

स्वास्थ्य बीमाको दायरा कम्तिमा पाँच लाख पुऱ्याइने भएको छ । यसका लागि पहल लिने गरी काम गर्ने स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलको प्रतिवद्धता छ ।

आइतबार मन्त्रालयका प्राथमिकता र कार्ययोजना सार्वजनिक गर्दै मन्त्री पौडेलले बीमाको हालको दायरा कम्तिमा पाँच लाख बनाउने गरी तयारी भइरहेको जानकारी दिएका हुन् ।

मन्त्री पौडेलका अनुसार स्वास्थ्य सेवालाई गुणस्तरीय र सेवा प्रवाह प्रक्रिया सहज बनाउन, आवद्धतालाई द्रुत गतिमा बढाउन स्वास्थ्य बीमा ऐन बमोजिम औपचारिक, अनौपचारिक क्षेत्रलाई समेत अनिवार्य स्वास्थ्य बिमामा समेट्न खोजिएको छ ।

उनले भनेका छन्, 'स्वास्थ्य सेवालाई गुणस्तरीय र सेवा प्रवाह प्रक्रिया सहज बनाउन, आवद्धतालाई द्रुत गतिमा बढाउन स्वास्थ्य बीमा ऐन बमोजिम औपचारिक, अनौपचारिक क्षेत्रलाई समेत अनिवार्य स्वास्थ्य बिमामा समेट्न खोजिएको छ ।'

आम्दानीको आधारमा प्रिमियम र भुक्तानीको प्रणालीलाई व्यवस्थित र वैज्ञानिक बनाउन स्वास्थ्य बीमाको नीतिगत र कानूनी व्यवस्थामा आवश्यक पुनरावलोकन गर्ने मन्त्री पौडेलको प्रतिवद्धता छ ।

औषधि ऐनको प्रतिस्थापन विधेयक तर्जुमा गर्ने, स्वास्थ्य सेवाका जनशक्ति व्यवस्थापनका सन्दर्भमा एकीकृत स्वास्थ्य सेवा ऐन तर्जुमा गर्ने प्रतिवद्धता जनाउँदै उनले संघ अन्तर्गतका अस्पताल विकास समितिको काम कारवाहीमा एकरुपता ल्याउन र व्यवस्थित गर्नका लागि आवश्यक कानुनी प्रबन्ध गर्ने कार्य अगाडि बढेको जानकारी गराएका छन् । >>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२८ साउन २०८१, सोमबार
12 August 2024, Monday

# जसपा नेपालको केन्द्रीय समिति बैठकमा अध्यक्ष यादवको राजनीतिक प्रतिवेदन पेस

**काठमाडौं/मस–** जनता समाजवादी पार्टी (जसपा) नेपालले संविधान पुनरावलोकन आयोग गठन गरेर संविधान संशोधन गर्नुपर्ने मत अघि सारेको छ।

पार्टीको सोमबारदेखि शुरु केन्द्रीय समिति बैठकमा अध्यक्ष उपेन्द्र यादवले प्रस्तुत गरेका ६१ बुँदे समसामयिक राजनीतिक प्रतिवेदनमा संविधान पुनरावलोकन आयोग गठनको विषय समावेश गरिएको छ। अध्यक्ष यादवले आयोग गठन गरी राय सुझाव र सिफारिसका आधारमा मात्रै संविधान संशोधन गर्नुपर्ने राजनीतिक प्रस्ताव पार्टीको बैठकमा पेस गरेका हुन्।

उनले समावेशी, संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न संविधान संशोधन गरी परिमार्जन गर्नका लागि संविधान विज्ञहरू सम्मिलित 'संविधान पुनरावलोकन आयोग' गठनको प्रस्ताव गरेका छन्।



संविधानमा संशोधन गर्दा जनसंख्याको आधारमा निर्वाचन क्षेत्रको पुनःनिर्धारण गर्नुपर्ने, प्रतिनिधिसभालाई जनसंख्याका आधारमा निर्वाचन क्षेत्र निर्धारण गरी प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्ने तथा राष्ट्रियसभामा समेत जनसंख्याको अनुपातमा सबै समुदायको प्रतिनिधित्व हुने गरी व्यवस्था गर्नुपर्ने राजनीतिक प्रस्तावमा उल्लेख छ।

संघीयता कार्यान्वयनका लागि प्रहरी कर्मचारी समायोजन ऐन, २०७६ बमोजिम प्रदेश सरकारलाई प्रहरी हस्तान्तरण गर्नुपर्ने र संघीय निजामती ऐन संसद्बाट पारित गरी कर्मचारी समायोजन सम्बन्धी कार्यहरू सम्पन्न गर्नुपर्ने, प्रदेशमा मन्त्रालयहरुको संख्या घटाउनुपर्ने विषय राजनीतिक प्रस्तावमा समेटिएको छ। अध्यक्ष यादवले राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन र तथ्यांक बमोजिम जनसंख्याका आधारमा प्रतिनिधित्व गर्न पाउने हक लोकतान्त्रिक प्रणालीको मूल सिद्धान्त र भावनाअनुसार संसदीय/प्रादेशिक निर्वाचन क्षेत्रको पुनःनिर्धारण गरिनुपर्ने माग गरेका छन्।

राष्ट्रियसभामा प्रदेशको जनसंख्याको अनुपातमा प्रतिनिधित्व हुने व्यवस्था हुनुपर्ने पनि प्रतिवेदनमा उल्लेख छ। समावेशी लोकतन्त्र सामाजिक सुरक्षा र सामाजिक न्यायको हक सुनिश्चितताका लागि संविधानको भावना अनुकूल कानून निर्माण र कानून संशोधन गरी सामाजिक न्याय र सामाजिक सुरक्षाको हकलाई प्रत्याभूति गराउनुपर्ने जसपा नेपालले जोड दिएको छ। ललितपुरको सानागाउँमा आइतबारदेखि शुरु भएको बैठक यही साउन ३० गनेसम्म चल्नेछ।

# पर्यटनमन्त्रीद्वारा हवाई सुरक्षाबारे रक्षामन्त्री र नेपाली सेनासँग छलफल

**काठमाडौं/मस–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले नागरिक उड्डयन क्षेत्रको सुधारका विषयमा रक्षामन्त्री मानवीर राई, कामु प्रधान सेनापति अशोक सिग्देलसँग छलफल गरेका छन्।

मन्त्रालयमा आयोजित छलफलका क्रममा नेपाली सेनाका अधिकारीहरुले तालिम र व्यवस्थापन, अवलम्बन गरेका असल अभ्यासका विषयमा विचार विमर्श भएको पर्यटनमन्त्रीको निजी सचिवालयले जनाएको छ। नेपाली सेनाले भौगोलिक विविधता र मौसमी कारणले हुने दुर्घटनाको अन्त्य गर्नका लागि ठाउँठाउँमा मौसमी सूचनाबारे जानकारी लिन आधुनिक प्रविधि जडान गर्नुपर्नेलगायत विषयमा पर्यटनमन्त्रीलाई सुझाव दिएको छ।



एक महिनाभित्र एउटा विमान र एउटा हेलिकप्टर दुर्घटना भएपछि पर्यटनमन्त्रीले हवाई सुरक्षाबारे रक्षामन्त्री, प्रधान सेनापतिका साथै दुई मन्त्रालयका सचिवहरूसँग सामूहिक छलफल गरी राय सुझाव लिएका हुन्।

नेपाली सेनाको हवाई सेवा उत्कृष्ट रहेकाले गैरसैनिक हवाई उडानलाई कसरी सुरक्षित पार्न सकिन्छ भन्ने विषयमा मन्त्री पाण्डेले सुझाव मागेका थिए। हालै भएका हवाई दुर्घटनाको छानबिन समिति गठन भएको भए पनि अध्ययन प्रतिवेदन भने आउन बाँकी रहेको छ। अनुभव आदानप्रदान गर्ने क्रममा नेपाली सेनाका अधिकारीहरुले हवाई सुरक्षाका लागि सम्पूर्ण प्रणाली र नियम कानूनको कमी नभएको तर कार्यान्वयनको पक्षमा ध्यान दिनुपर्ने सुझाव दिएको थियो।

नेपाली सेनाको हवाई सुरक्षाका सन्दर्भमा आफ्नै निर्देशिका भएकाले अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइसीएओ) को गाइडलाइन फलो गर्न नपरेको प्रष्ट पारेको छ। त्यसैगरी धेरै उडान हुने ठाउँमा हेलिप्याड बनाउनुपर्ने, नागरिक उड्डयन प्राधिकरण (क्यान), अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ) र नेपाली सेनाको संयुक्त समिति बनाएर हवाई सुरक्षाका सन्दर्भमा नियमित छलफल, अध्ययन, अनुसन्धान र अनुगमनमा जोड दिनुपर्ने विषयमा सुझाव दिइएको मन्त्रालयले जनाएको छ।

# नेर सिँचाइ आयोजनामा भ्रष्टाचार भएको ठहर

**काठमाडौं/मस–** विशेष अदालतले मुगुको सोरु गाउँपालिका-५ स्थित नेर सिँचाइ आयोजनामा भ्रष्टाचार भएको ठहर गरेको छ। विशेष अदालतका न्यायाधीश खुशीप्रसाद थारु, रामबहादुर श्रेष्ठ र मुरारीबाबु श्रेष्ठको इजलासले आइतबार तत्कालीन उपभोक्ता समितिका अध्यक्ष तेजबहादुर शाही, उपाध्यक्ष हिराबहादुर शाही र सचिव तीर्थबहादुर शाहीलाई भ्रष्टाचार मुद्दामा दोषी ठहर गरेको हो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पाँच लाख ६१ हजार रुपैयाँ बिगो कायम गरी मुद्दा दायर गरेको थियो। विशेष अदालतले उनीहरूलाई दामासाहीमा एक लाख १२ हजार २९६ रुपैयाँ ३९ पैसा जरिवाना हुने फैसला गरेको छ।

उपभोक्ता समितिका प्रतिनिधिले लागत अनुमानभन्दा कम काम गरी फिल्डमा नभएको कार्य पनि भएको भन्दै भुक्तानीका निम्ति झुटो बिल पेस गरेका थिए। आर्थिक वर्ष २०७८/०७९ मा उक्त आयोजनाको पाइपलाइनको काम एक हजार ७०० मिटर हुनुपर्नेमा ८१२.५ मिटर मात्र बनाइएको थियो। ८८७.५ मिटर नभएको कामको झुटो बिल पेस गरिएको थियो। भुक्तानीको सबै रकम भ्रष्टाचार भएको भन्दै उनीहरूलाई बिगो कायम गरिएको थियो।

उनीहरूलाई भुक्तानी दिने खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय मुगुका प्रमुख राजीव रिमाललाई भने एक लाख १२ हजार २९६ रुपैयाँ जरिवाना र थप तीन महिना कैदको फैसला भएको छ। आयोजनाका सबइन्जिनियर नरबहादुर लावडलाई झुटो नापी तयार पार्न सघाएको ठहरसहित एक लाख १२ हजार २९६ रुपैयाँ ३९ पैसा जरिवाना र थप ६ महिना कैद तथा थप १० हजार रुपैयाँ जरिवाना हुने फैसला भएको छ।

## प्रचण्डलाई...

निचोड छ। उपमहासचिव शर्माले प्रचण्डको बैचारिक नेतृत्व कायम नै रहने गरी पार्टीको सांगठनिक नेतृत्वमा नयाँ अनुहार चाहिने बताएका छन्। यसका लागि प्रचण्डले चाहेको नेतालाई नै समेत अगाडि सार्न सक्ने उनको वैकल्पिक प्रस्ताव छ। त्यसपछ्चात नेतृत्वको कार्यकाल तोकिनुपर्ने प्रस्ताव शर्माको छ।

उनले भनेका छन्, 'अध्यक्षज्युको बैचारिक नेतृत्व कायम नै रहने गरी सांगठनिक नेतृत्वमा नयाँ अनुहार ल्याऔं। बरु अध्यक्षले चाहेको नेतालाई समेत अगाडि सार्न सक्नुहुन्छ।'

उपमहासचिव वर्षमान पुनले पनि अबको नेतृत्व अविच्छिन्न हुन नहुने बताएका छन्। एक वा दुई कार्यकाल अध्यक्ष बन्ने गरी विधानमै तोकिनुपर्ने उनका प्रस्ताव छ।

नेताहरूका अनुसार उपमहासचिव पुनले भनेका छन्, 'अध्यक्षज्यूले जनयुद्धपूर्वदेखि शान्ति प्रक्रियासम्म अविच्छिन्न रूपमा ३५ वर्ष नेतृत्व लिने अवसर पाउनुभयो। अब त्यस्तो हुनुहुँदैन। अबको नेतृत्व अविच्छिन्न हुनु हुँदैन। एक कार्यकाल वा दुई कार्यकालको व्यवस्था विधानमा राख्नुपर्छ।'

नेताहरूका अनुसार माओवादी केन्द्रको स्थायी समिति बैठकमा आइतबारसम्म १४ जना सदस्यले आफ्ना कुरा राखेका छन्। त्यसक्रममा नेतृत्वको विषयमा सैद्धान्तिक कुरा भएको उपाध्यक्ष एवं पार्टी प्रवक्ता अग्नि प्रसाद सापकोटाले जानकारी दिए।

उनले बैठकपछि पत्रकारहरूसँग भनेका छन्, 'नेतृत्वको विषयमा सैद्धान्तिक कुरा भएको छ। वैचारिक रुपमा, सांगठनिक रुपमा, विधिवत रुपमा त्यसको तयारी गर्नुपर्छ भन्नुभएको छ, अहिले उठ्दै गरेको कुरालाई अध्यक्षले ध्यानपूर्वक सुन्नुभएको छ।'

बैठक बैठक जीवन्त र घनीभूत भइरहेको उनले बताए। पार्टीको अबको नीति र कार्यक्रममै बढी छलफल भएको उनले जानकारी दिए।

'स्थानीय तहलाई आधार बनाएर समाजवाद ल्याउनुपर्छ,' बैठकमा नेताहरूको भनाइ उद्धृत गर्दै सापकोटाले भने।

## काठमाडौंमा...

मजबुत बनाउने विषयमा कुराकानी भएको देउवाको सचिवालयले जनाएको छ।

माओवादी अध्यक्ष प्रचण्डसँग खुमलटारमा भएको भेटमा दुई देशबीचको आपसी हित एवं पारस्परिक सम्बन्ध अभिवृद्धि गर्ने विषयमा महत्वपूर्ण कुराकानी भएको प्रचण्डको सचिवालयले जनाएको छ।

भारतीय विदेश सचिव मिस्रीलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा परराष्ट्र सचिव लम्सालले स्वागत गरेकी थिइन्। लम्सालको निम्तोमा नेपालको शिष्टाचार भ्रमणमा मिस्री आएका हुन्। मिस्री सोमबार स्वदेश फर्किने कार्यक्रम तय भएको परराष्ट्र मन्त्रालयले जनाएको छ।

## विज्ञ...

बताए। मन्त्री भण्डारीले नेपालका सामु विश्व बजारको मागअनुसार कामदारको क्षमता वृद्धि गर्ने वा हाल भइरहेको मागअनुसार कामदार पठाउने भन्ने मूल प्रश्न खडा भएकाले त्यसमा पुनर्विचार गरी विदेशबाट आउने जस्तोसुकै मागमा कामदार पठाउन हुँदैन भन्ने नीति लिनुपर्ने बताए। मन्त्री भण्डारीले मानवअधिकार संरक्षण गरी कामदारका हित र अधिकार श्रम गन्तव्य मुलुकहरुसँग गरिने श्रम सम्झौतामा समेट्न जरुरी रहेको पनि बताए। उनले घरेलु कामदारका समस्या, दक्षता र क्षमता अभिवृद्धि र वैदेशिक रोजगारमा रहेका कामदारको मतदानको अधिकार सुनिश्चित गर्ने विषयमा पनि मस्यौदाले जोड दिएको बताए।

आन्तरिक रोजगारलाई अभिवृद्धि गरेर मात्रै वैदेशिक रोजगार व्यवस्थित गर्न सकिने भन्दै मन्त्री भण्डारीले रिटर्नी कामदारको पुनःएकीकरण जरुरी देखिएको बताए। उनले वैदेशिक रोजगारीमा जाने भन्दा फर्केर आउने विषयमा प्राथमिकता दिने, श्रम प्रशासन अनलाइन रुपान्तरण गरी वैदेशिक रोजगार बोर्डलाई पुनर्संरचना गर्न पनि आवश्यक देखिएको बताए।

आप्रवासी नीतिले भइरहेको व्यवस्था र प्रणालीलाई व्यवस्थित एवम् मर्यादित बनाउने, आप्रवासी श्रमिकलाई स्वदेशमा फिर्ता ल्याउने र विश्व बजारको मागअनुसार श्रम जनशक्ति उत्पादनलाई प्राथमिकता दिने पनि उनले उल्लेख गरे।

कार्यदल संयोजक डा. गुरुङले मस्यौदामा ६ वटा नीति, २४ वटा रणनीति र रणनीति सम्बोधनका लागि एक सय १३ वटा कार्यविधि राखिएको जानकारी दिए। संयोजक गुरुङले पनि सुरक्षित र मर्यादित श्रम आप्रवासन, आन्तरिक रोजगारी र समृद्धिको दूरदुष्टिसहित राष्ट्रिय नीतिको मस्यौदा तयार गरिएको दाबी गरे।

मस्यौदामा आन्तरिक रोजगारीलाई प्राथमिकतामा राखी गन्तव्य मुलुकको श्रम बजारको माग र प्रवृत्तिअनुसार श्रमिकको सीप, दक्षताको पहिचान गर्ने पनि उल्लेख छ।

समितिमा डा. केशव बस्याल, मञ्जु गुरुङ, प्रतिमा शर्मा र जुना माथेमा सदस्य रहेका थिए भने मन्त्रालयको प्रशासन शाखाका उप-सचिवलाई सदस्य सचिवको जिम्मेवारी दिइएको थियो।

प्रतिवेदन हस्तान्तरण कार्यक्रममा नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, नेपाल स्वास्थ्य व्यवसायी महासंघ, नेपाल अभिमुखीकरण व्यवसायी महासंघ, नेपाल मेडिकल व्यावसायी संघलगायत वैदेशिक रोजगार प्रक्रियामा जोडिएका संस्थाहरुका प्रतिनिधि उपस्थित थिए।

## देखाउने...

'म्यानपावर देखाउने कन्सल्ट्यान्सीबाट पठाउने गरिएको छ। यो क्षेत्रमा सुधार जरुरी छ। एक अर्कालाई दोषारोपण गरेर हुँदैन। सुधार कहाँसम्मको हो ? सबै पक्ष एकै ठाउँमा आउन जरुरी छ। अनिमात्र समस्याको समाधान पहिल्याउन सकिन्छ।'

मन्त्री भण्डारीले १५ दिनभित्र विदेशस्थित नेपाली नियोगहरुले मागपत्र प्रमाणीकरण नगरे के गर्ने ? भन्ने प्रश्नको समाधानका लागि मागपत्र प्रमाणीकरणको अधिकार श्रम मन्त्रालय मातहत ल्याउन आफूले मन्त्रिपरिषद्मा प्रस्ताव लगेको, तर आफूले गरेको प्रयास यसअघिका मन्त्रीले फिर्ता गरेर मागपत्र प्रमाणीकरणको समस्या यथावत राखेकाले सोचेअनुसार समस्या समाधान हुन नसकेको जिकिर गरे।

मन्त्री भण्डारीले सरकारले इजरायलमा कामदार पठाउन रोकेको अवस्थामा पनि ठूलै संख्यामा नेपाली इजरायल पुगेको विषय गम्भीर रहेको उल्लेख गर्दै ठगी न्यून गर्न श्रम अदालतमा ठगीको मुद्दा चलाउने अधिकार जिल्ला वा उच्च अदालतलाई दिन अति जरुरी रहेको बताए।

## स्वास्थ्य...

स्थानीय तह र प्रदेश सरकारहरूसँगको समन्वयमा पूर्वाधार, जनशक्ति र उपकरणको व्यवस्थापन गर्न एकीकृत स्वास्थ्य पूर्वाधार विकास परियोजना लागू गर्ने योजना रहेको पनि मन्त्री पौडेलले बताएका छन्।

स्वास्थ्य जनशक्तिको हालको अवस्था विश्लेषण गरी आवश्यकता र कार्यदक्षताअनुसार विद्यमान जनशक्तिको समुचित व्यवस्थान र पुनर्वितरण गरिने पनि उनको प्रतिवद्धता छ।

नेपाल बाहिर विभिन्न देशमा विज्ञता र अनुभव हासिल गरिरहेका स्वास्थ्य जनशक्तिको सीप र दक्षतालाई नेपालको स्वास्थ्य सेवा प्रणालीसँग आवद्ध गर्ने प्रबन्ध गर्ने पनि मन्त्री पौडेलले बताए।

चिकित्सक तथा स्वास्थ्यकर्मीलाई कार्यदक्षताको आधारमा प्रोत्साहन भत्ता उपलब्ध गराउन र अन्य सुविधाको पुनरावलोकन गरी सोको कार्यान्वयनका लागि आवश्यक नीतिगत र कानूनी व्यवस्था गर्ने पनि कार्ययोजनामा उल्लेख छ।

मन्त्री पौडेलका अनुसार सय बेडभन्दा माथिका सरकारी अस्पतालहरुमा नर्सिङ र तीन सय बेडभन्दा माथिका सरकारी अस्पतालहरुमा स्नातक र स्नातकोत्तर तहका विषयहरु अध्ययन अध्यापन गराउने सन्दर्भमा विगतमा भएका अध्ययनलाई पुनरावलोकन गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र चिकित्सा शिक्षा आयोगसँग समन्वय गरि कार्यान्वय गर्ने तयारी छ। विगतमा निर्माण थालनी भइ निर्माणको क्रममा रहेका एवं स्रोत सुनिश्चितता नभएर अधूरा रहेका स्वास्थ्य संस्थाको क्रमिक रुपमा स्रोत व्यबस्थापन गरी स्वास्थ्य पूर्वाधार मापदण्ड बमोजिम भौतिक पूर्वाधारहरुको निर्माणलाई अघि बढाउने पनि उनको प्रतिवद्धता छ।

# प्राज्ञ खनालको 'थाङ्नू' लघुकथा संग्रह लोकार्पण



**सुनसरी/मस–** नेपाल प्रज्ञा-प्रतिष्ठानका प्राज्ञसभा सदस्य प्रा.डा.खेमराज खनाल 'कलम सौखिन'द्वारा लिखित नवीनतम् लघुकथा संग्रह 'थाङ्नू'को लोकार्पण भएको छ। अखिल नेपाल लेखक संघ(कोसी) १ नम्बर प्रदेश समितिद्वारा आयोजित एक समारोहमा 'थाङ्नू'को लोकार्पण गरिएको हो।

कार्यक्रमका प्रमुख अतिथि एवम् वरिष्ठ प्रगतिवादी स्रष्टा भानु भण्डारीले उक्त कृतिको लोकार्पण गरेका थिए। उनले प्राज्ञ खनालको 'थाङ्नू' लघुकथा संग्रहलाई समाजमा व्याप्त रहेका अनेकौं बेथितिविरुद्ध उभ्याइएको छ। लघुकथाकारले प्रगतिशील स्वरलाई मुखरित गर्दै प्रतिरोधी चेतनालाई सशक्त पारेको बताएका थिए।

जनसांस्कृतिक महासंघ केन्द्रीय सचिवालय सदस्य, जनसांस्कृतिक महासंघ प्रदेश अध्यक्ष तथा नेपाल प्रज्ञा-प्रतिष्ठानका प्राज्ञसभा सदस्य चेतनाथ धमलाले पठाएका कार्यक्रम सफलताको शुभकामना वाचन गरिएको थियो।

लघुकथाका लेखक एवम् अखिल नेपाल लेखक संघ प्रदेश एक (कोसी) का अध्यक्ष खनालले आफूले भोग्नुपरेका जीवनका अनेकौं पाटाहरू मिहिन ढंगले केलाएर आफूले 'थाङ्नू' लघुकथा संग्रह प्रकाशनमा ल्याएको बताए।

उनले न्याय, समता र रूपान्तरणको पक्षमा लघुकथा रचेको दाबी गर्दै प्रगतिवादी कथा सिर्जनामा तल्लिन रहेको उल्लेख गरेका थिए। उक्त लोकार्पित कृति 'थाङ्नू' का बारेमा डा. पुष्पलाल न्यौपानेले लघुकथाले समाजका कतिपय पक्षलाई उधिनेर क्रान्तिकारी र अग्रगामी चेतलाई आत्मसात् गरेको बताए।

उनले कृति पठनीय ,सरल र सहज रहेको उल्लेख गरे।

कार्यक्रममा अखिल नेपाल लेखक संघ प्रदेश नम्बर एक (कोसी)ले भाषा ,साहित्य र संस्कृतिको क्षेत्रमा योगदान पुऱ्याएका १२ जना साहित्यिक प्रतिभालाई सम्मानित गरेको थियो। उक्त सम्मान प्रमुख अतिथि भानु भण्डारीले प्रा.डा. खेमनाथ दहाल, मचिन्द्र खत्री,डमरुवल्लभ भण्डारी, गोविन्द तिम्सिना, अनु विज्ञाति, गोपाल देवान, महेश श्रेष्ठ, पुष्प ढुंगाना,तारा लामगादे, पेमा लामा,नरेश थुलुङ र शारदा दहाललाई प्रदान गरिएको थियो।

कार्यक्रममा बम देवान, प्रा. डा. भोलानाथ पोखरेल, अम्बिका शाक्य, मनि राई गोठाले, पिपी कोइराला, अच्युत पराजुली, हिक्मत खड्का, सुजाता वन, प्रफुल्ल भण्डारी, टीका मिलन, कृष्ण गौतम, प्रियांसी पोखरेल, शशीकुमार विश्वकर्मा, राजन निरौला, देवु अत्री, गणेशकुमारी राई, लोचन भण्डारी, जनकऋषी राई र केशव सुनाम लगायतले रचना वाचन गरेका थिए।

कार्यक्रमको सञ्चालन संघका उपाध्यक्ष विमला पोखरेलले र सचिव सुधीर केसीले स्वागत मन्तव्य राखेका थिए। संघमा रिक्त रहेको उपाध्यक्ष पदमा ओम श्रमिकलाई मनोनयन गरिएको जानकारी दिइएको थियो। कार्यक्रममा अतिथिको रूपमा जनसांस्कृतिक महासंघ झापाका अध्यक्ष राजन चापागाईं उपस्थित रहेको थियो। कार्यक्रममा आवश्यक व्यवस्थापन शोभा मिश्र खनाल,थप सहयोग माधवा खनाल भट्टराई र सृजना श्रेष्ठले गरेका थिए।

# २५ औं अवधी दिवस समारोह सम्पन्न



**पवन जायसवाल/मध्यान्ह**
बाँके, २७ साउन

अवधी तथा हिन्दी भाषा सँस्कृतिका महान पण्डित, भक्त कवि, सन्त शिरोमणी तुलसीदासको ५२७ औं जयन्ती, चौथो अन्तरदेशीय अवधी महोत्सव तथा २५ औं अवधी दिवस समारोह -२०८१ सम्पन्न भएको छ।

अवधी साँस्कृतिक प्रतिष्ठान केन्द्रीय कार्य समितिको आयोजनामा भएको कार्यक्रममा प्रमुख अतिथि तथा समाजसेवी पशुपति दयाल मिश्र, विशिष्ट अतिथि नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा साहित्य अनुवाद विभाग प्रमुख हंसावती कुर्मी, विशिष्ट अतिथि पूर्व प्राज्ञ सदस्य सचिव सनत कुमार रेग्मीले शिरोमणि तुलसीदास जी महाराजको तस्वीरमा माल्यार्पण र दीप प्रज्जवलित गरी कार्यक्रमको उद्घाटन गरेका थिए।

रमेश चन्द कुमालको अध्यक्षतामा भएको कार्यक्रममा प्रतिष्ठानका केन्द्रीय सचिव डा.पंकज कुमार गुप्ताले स्वागत मन्तव्य राखेका थिए।

कार्यक्रममा उपाध्यक्ष सुशीला बैश्यले गणेश बन्दना र सरस्वती बन्दना डा.प्रवीण कुमार पाण्डेय आवाराले प्रस्तुत गरेका थिए। चर्तुथ अन्तरदेशीय अवधी रजत सम्मान -२०८१ बाट ६० जनालाई समाजसेवी र साहित्यकारहरुलाई सम्मान गरिएको छ।

# पानीमा अखाद्य बस्तुः किम्ची फास्टफुडलाई २ लाख रुपैयाँ जरिवाना

**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाले अनामनगरमा रहेको किम्ची रेष्टुरेन्ट एण्ड फास्ट फुडलाई २ लाख रुपैयाँ जरिवाना गरेको छ।



शुक्रबार रेष्टुरेन्टको हलमा महानगरपालिकाले 'विवाद व्यवस्थापनमा वडा कार्यालयको भूमिका' विषयमा महिला सञ्जालका संयोजक, वडा सदस्य, वडा सचिव र न्यायिक सहजकर्तालाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिरहेको थियो। यस क्रममा सिल गरेको प्रशोधित पानीको बोतल खोलेर गिलासमा खन्याएर पिउन थालेपछि वडा नं. ११ का वडा सदस्य यशोमती परियारले पानीमा कीरा सल्वलाएको देखेकी थिइन्। कार्यक्रममा उपस्थित महानगरपालिकाका उपप्रमुख सुनिता डंगोललाई पानीको बोतल देखाइयो। अनुगमन समितिका संयोजकसमेत रहेको उपप्रमुख डंगोलले दुषित पानी बिक्री गर्नेलाई तत्काल कारवाही गर्न र कार्यक्रम तत्काल स्थगित गर्न निर्देशन दिएर उनी निस्किएकी थिइन्। त्यसपछि कार्यक्रम रोकिएको थियो।

'पानीजन्य संक्रमणका जोखिम रहेको अवस्थामा सिल बोतलभित्र अखाद्य बस्तु देखिनु चरम लापर्वाही हो। महानगरपालिकाले खानेकुरा तथा पिउने पानीको स्वच्छतामा लापर्वाही नगर्न व्यवसायीहरुलाई अनुरोध गर्दै आएको छ।' त्यस क्रममा संक्षिप्त प्रतिक्रिया दिँदै उपप्रमुख डंगोलले, त्यस क्रममा संक्षिप्त प्रतिक्रिया दिँदै उपप्रमुख डंगोलले, अनुरोधलाई अटेर गर्नेहरुलाई कानूनी कारवाही गर्नुको विकल्प नरहेको बताइन्।

तत्काल अनुगमन टोली पुगेर रेष्टुरेन्टबाट नमूना संकलन गरेको थियो। यति प्रक्रिया सकिँदा कार्यालय समय समेत सकिएकाले त्यस दिन कारवाहीको निर्णय हुन सकेन। यसकारण आज दुषित पानी खविक्री गर्नेलाई २ लाख जरिवाना गर्ने निर्णय भएको हो।

रेष्टुरेन्टबाट विक्री भइरहेको पानी काठमाडौंको टोखा नगरपालिका वडा नं ८ बाट उत्पादन भएको सिटी मिनरल वाटर एण्ड वेवरेज प्रा. लि. ले उत्पादन गरेको 'इको' व्राण्डको पानी हो।

खाद्य स्वच्छता कायम गर्न नसक्दा महानगरपालिकाले यस अघि आफ्नै कार्यालयमा सञ्चालन भएको क्यान्टिनलाई २ पटक जरिवाना तिराएको थियो।

# एक करोड बढी लगानीमा निर्माण भएको मह उद्योग प्रयोगविहीन

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २७ साउन

अर्घाखाँची जिल्ला मौरी पालक किसानहरुका लागि अति उत्तम जिल्लाको रुपमा लिने गरिन्छ। यस जिल्लाका धेरै ठाउँहरुमा मौरी चरण क्षेत्र भएकोले पनि मह उत्पादन गर्ने जिल्लाको रुपमा परिचित छ। तरपनि यसको व्यवसायीकता भने फस्टाउन सकेको छैन।

अर्घाखाँचीका ६ स्थानीय पालिकामध्ये शितगंगा नगरपालिकामा बाहिर जिल्लाबाट समेत मह उत्पादन गर्न अर्थात् मौरी चरणका लागि व्यवसायिक किसानहरु मौरीका हजारौं गोला लिएर आउने गर्छन्। अहिले अन्य व्यापार, व्यवसाय ओरालो लागिरहेको अवस्थामा मह उत्पादन गर्नेहरुका लागि निकै आकर्षक कमाइ हुने गरेको मौरी पाल्ने किसानहरु बताउँछन्। अर्घाखाँचीको सदरमुकाम नजिक वडा नं ७ मा मह उद्योग स्थापना भएको भएपनि उक्त उद्योग सञ्चालनमा आउन सकेको छैन।

नेपाल सरकारले औद्योगिक क्षेत्रको लागि प्रोत्साहनसहित हरेक आर्थिक वर्षमा विभिन्न कार्यक्रमहरू अगाडि सार्ने परिपाटी रहि आएको भएपनि ती कार्यक्रम प्रभावकारी हुन नसकेको किसानहरुको बुझाइ छ।

विकास निर्माणका कामहरु सही ढंगले कार्यान्वयन गरी सही तरिकाले निर्माण सम्पन्न गर्न सकेमा देशले औद्योगिक विकासको क्षेत्रमा कोल्टे फेर्न सक्ने सम्भावना भएपनि त्यसको कार्यान्वयन पाटो फितलो हुँदा विकासका



पूर्वाधार बनेपनि अलपत्र पर्ने गरेका छन्।

आर्थिक वर्ष २०८०/०८१ मा पनि राज्यले विकास बजेट खर्च ५० प्रतिशत पनि पुऱ्याउन नसकेको तथ्यांक सरकारले सार्वजनिक गरेको छ।

सरकारले, ०६३/६४ को बजेट वक्तव्यमार्फत घोषणा गरेको 'एक जिल्ला एक उत्पादन कार्यक्रम' अन्तर्गत अर्घाखाँचीको सन्धिखर्क नगरपालिका वडा नम्बर ७ सानागाउँमा रहेको अर्घाखाँची मह उद्योग प्रा.लि आठ वर्ष बितिसक्दा पनि सञ्चालनमा आउन नसक्दा भवन पूर्ण रुपमा जीर्ण बन्दै गएको छ।

**अलपत्र मह उद्योग**

अर्घाखाँचीमा मह उद्योग सञ्चालनको लागि कृषि मन्त्रालय, उद्योग वाणिज्य महासंघ अन्तर्गतको कृषि उद्यम केन्द्रको आर्थिक सहयोगमा १ करोड ५ लाखको लगानीमा भवन इक्युमेन्ट खरिद तथा चार रोपनी जग्गा खरिद गरी भवन निर्माण गरेपनि उक्त उद्योग सञ्चालन गर्न नसक्दा सरकारको पैसा बालुवामा पानी खनाए जस्तो भएको छ।

मह उत्पादन कम्पनीको संरचना बनाउन बजेट छुट्टिएपनि अहिलेसम्म भवन मात्रै छ। अर्घाखाँचीमा सरकारले जति लगानी गरेपनि त्यसको प्रतिफल मौरीको क्षेत्रमा शून्य देखिन्छ।

मौरीपालन गरेका व्यवसायीहरूले कुनै किसिमको सुविधा पाएको देखिँदैन्। उनीहरुले आफ्नो मह त्यस स्थानमा लागि प्रशोधन गर्न सकिरहेका छैनन्। कति व्यवसायीहरूलाई त मह उद्योग पनि जिल्लामा छ वा छैन, कहाँ छ ?, भन्ने जानकारी नभएको गुनासो गर्छन्।

करोडौं लगानीमा निर्माण गरिएको अर्घाखाँची मह उद्योग प्रा.लि. अहिले लथालिङ्ग अवस्थामा छ।

तत्कालिन समयमा उद्योग वाणिज्य संघ अर्घाखाँचीले अनुदानको १ करोड ५ लाख रुपैयाँ खर्चिनुपर्ने भएपनि हालसम्म ७० लाख मात्र लगानी गरेको काजपत्रमा देखिन्छ। त्यहाँका स्थानीयबासिन्दा सर्वसाधारणमार्फत सेयर सदस्य बापत रकम उठाए पनि त्यसको अहिले कुनै लेखाजोखा नभएको र त्यसको प्रयोग कहाँ भइरहेको छ भन्ने जानकारी नभएको सेयर सदस्यहरू गुनासो गर्छन्। तत्कालिन समयका मह उद्योग प्रा.लि.उपभोक्ता समितिका अध्यक्ष तथा तत्कालिन उद्योग वाणिज्य संघ अर्घाखाँचीका सचिवालय सदस्य लक्ष्मण कँडेल भन्छन्, 'जिल्लामा कच्चा पदार्थको अभावले मह उत्पादन हुन सकिरहेको छैन्, अब यसलाई सुव्यवस्थित तरिकाले सञ्चालनमा ल्याउनको लागि स्थानीय सरकारसँग समन्वय गरी सञ्चालनमा ल्याउन प्रयत्न भइरहेको छ।'

अर्घाखाँची मह उद्योग प्रा.लि.किन बेवारिसे भयो ?, भन्ने मध्यान्हको जिज्ञासामा सन्धिखर्क नगरपालिका वडा नम्बर ७ का वडा अध्यक्ष चुराबहादुर केसी भन्छन्,'यो उद्योग स्थापना भएपनि संरक्षण गर्ने जिम्मेवारी राज्य र स्थानीयबासिको हो। यो उद्योग स्थानीय तहको मातहतमा नआउनु र भवन बनाउने निकायले सरकारलाई हस्तान्तरण नगर्नु तथा निर्माण गर्ने निकायले आफू पनि सञ्चालनमा ल्याउन नसक्नु यसको प्रमुख कारण हो।'

तत्कालिन अवस्थामा भवन निर्माण गर्दा ४८ लाख ५६ हजार ५ सय ६२ रुपैयाँ बराबरको भवन निर्माण भएको उद्योग नजिक राखिएको सूचना बोर्डमा लेखिएको छ। १ करोड ८ लाख ४३ हजार ४ सय ३८ रुपैयाँ मेसिनरी औजार र अन्य कामका लागि रकम खर्च भएको देखिन्छ। उद्योगभित्र मेसिनरी औजार, केही खाली बोतल र मौरीघार यत्रतत्र रहेको भएपनि यसको संरक्षण सम्बर्द्धन कसले गर्ने भन्ने कुरा स्पष्ट नहुँदा उद्योग अलपत्र छ।

# ठुम्रार साहित्यिक बखेरीको शताङ्क शृंखलाबारे विमर्श



**काठमाडौं/मस-** 'हमार संस्कृत्ति हमार स्वाभिमान, सक्कुजे मिल्के बचाइ आपन बचाइ आपन पहिचान' भन्ने मूल नाराका साथ २०६९ साल माघदेखि शुरु भएको थारू साहित्य रचना वाचनको शृंखला ठुम्रार साहित्यिक बखेरीको १००औं भाग शताङ्कसम्म आइपुगेको छ।

सो अवसरमा नेपाल प्रज्ञा प्रतिष्ठान र थारू लेखक संघ नेपालको सहकार्यमा ठुम्रार साहित्यिक बखेरीको १०० औं शृंखलाको विमर्श गरिएको थियो। कार्यक्रममा थारूभाषा र साहित्यकी युवाअध्येता भूमिका थारूले थारूभाषाका कवितामा महिला हस्ताक्षर विषयक कार्यपत्र प्रस्तुत गरेकी थिइन्।

प्रज्ञा प्रतिष्ठान देवकोटा सभाकक्षमा आयोजित विमर्श कार्यक्रममा बर्दियाली थारू विकास मञ्च, चम्पन सांस्कृतिक समूह, बरघर रेस्टुरेन्ट, राष्ट्रिय थारू कलाकार मञ्च, निसराउ ग्रुप प्रा.लि., जेनस इन्टरनेशनल प्रा.लि., अग्रासन थारू महिला समूह, यूनिक थारू ग्रुप र न्यु जर्सी थारू कम्युनिटीलगायतका सामाजिक संघ संस्थाहरूसमेत सहआयोजकका रूपमा रहेका थिए।

प्रमुख अतिथि नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईले ब्यानर वाचन गरेर कार्यक्रमको समुद्घाटन गरेका थिए। उनले कार्यक्रमलाई सम्बोधन गर्दै आफ्नो टिमले प्रज्ञा प्रतिष्ठान सम्हालेपछि आदिवासी, जनजाति, भाषाभाषीका भाषालाई प्राथमिकता दिएको बताए। उनले भने, 'राष्ट्रिय कविता महोत्सवमा भाषिकरूपले कविहरूको उपस्थिति गराउँदा संख्या बढ्नुका साथै नेपालीबाहेकका विभिन्न भाषाभाषी नै टप टेनमा परेका छन्।'

मातृभाषामै कविता लेख्ने कविहरू नै उम्दा भएको उनको भनाइ थियो। संघीयताको कार्यान्वयनको क्रममा थारू समुदायबाट विद्रोह हुँदा तिनले ठूलो मूल्य चुकाउनु परेको स्मरण गर्दै उनले भने, 'मैले पनि टीकापुरबारे लेख र कविता लेखेर थारू समुदायप्रति सद्भाव जताएको छु।'

कार्यक्रममा विभिन्न क्षेत्रमा विशेष योगदान पुऱ्याउने बुद्धसेन चौधरी, मानबहादुर चौधरी पन्ना, सिताराम चौधरी, बलराम चौधरी र नन्दुराज चौधरीलाई प्रमुख अतिथि राईले कदरपत्र प्रदान गरेका थिए। उनले संस्थागत योगदान पुऱ्याउने बर्दियाली थारू विकास मञ्च काठमाडौं र न्यु जर्सी थारू कम्युनिटी संयुक्त राज्य अमेरिकालाईसमेत कदरपत्र प्रदान गरेका थिए। सो क्रममा सम्मानित व्यक्तित्व सिताराम चौधरी र बुद्धसेन चौधरीले आ-आफ्नो मन्तव्य राखेका थिए।

'थारू कवितामा महिला हस्ताक्षर' नामक कार्यपत्र प्रस्तुत गर्दै भूमिका थारूले थारू भाषामा महिला कविता लेखनको स्थिति र सम्भावनाबारे उल्लेख गरेकी थिइन्। यस कार्यपत्रमाथि शान्ति चौधरीले टिप्पणी गर्दै थारू भाषासाहित्यको खोजअनुसन्धानमा थप जोड दिनुपर्ने बताइन्। सहभागीका तर्फबाट पुरुषोतम चौधरी, नरेन्द्रकुमार चौधरी, इन्दु थारू, प्रणव चौधरी, सियाराम चौधरी र सन्तोषी चौधरीले जिज्ञासा तथा सुझाव राखेका थिए। सहभागीका टिप्पणी र जिज्ञासालाई शान्त पार्दै प्रस्तोता भूमिका थारूले प्राप्त भएका सुझावका आधारमा आफूले कार्यपत्रलाई पूर्णता दिन कोसिस गर्ने बताएकी थिइन्।

कार्यक्रममा अरूण चौधरी, गणेश वर्तमान, प्रणव चौधरी, शिव चौधरी, मित्थु थारु, अर्णव चौधरी, सन्तोषी चौधरी, सीएन थारु, निरजबाबु चौधरी, दोषहरण चौधरी, श्रीसन चौधरी, अविनाश चौधरी, शान्ति चौधरी, शत्रुघन चौधरी, भीमेश चौधरी, रामस्वागत चौधरी, उदयनारायण चौधरी र दिलबहादुर कुश्मीलगायतले कविता वाचन गरेका थिए।

कार्यक्रमका सभाध्यक्ष, नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञसभा सदस्य तथा थारू लेखक संघ नेपालका अध्यक्ष डा.कृष्णराज सर्वहारीले वाचित रचनाको दस्तावेजीकरण गरिनुपर्नेमा जोड दिँदै धन्यवाद ज्ञापनसहित कार्यक्रमको समापन गरेका थिए।

प्रज्ञा प्रतिष्ठानका प्राज्ञसभा सदस्य चेतनाथ धमलाले उक्त कार्यक्रमबारे प्रष्ट पारेका थिए। कार्यक्रमको औचित्यमाथि प्रकाश पार्दै थारू लेखक संघका नन्दुराज चौधरीले ठुम्रार साहित्यिक बखेरी शुरु गरेको १२ वर्षपछि प्रज्ञाको सहकार्यमा प्रज्ञामै कार्यक्रम गर्न पाएकोमा खुसी व्यक्त गर्दै स्वागत मनतव्य राखेका थिए। कार्यक्रमको सञ्चालन संघका आजीवन सदस्य शत्रुघन चौधरीले गरेका थिए।

# ४९ वर्षीया महिला र २३ वर्षीय युवाबीच प्रेम विवाहको दबाबपछि हत्या



**रुकुम पश्चिम/मस-** रुकुम पश्चिमको सानीभेरी गाउँपालिका वडा नं. ४ लामचौरकी ४९ वर्षीया सुशीला मल्लको हत्या गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ। प्रहरीले सुशीलाको हत्या आरोपमा रुकुम पश्चिम चौरजाहरी नगरपालिका वडा नं. ११ माथिल्लो सकेंना बस्ने २३ वर्षीय प्रेम मल्ललाई पक्राउ गरी आइतबार सार्वजनिक गरेको हो।

गत शुक्रबार सुशीला आफ्नै घरमा मृत अवस्थामा फेला परेकी थिइन्। प्रहरीका अनुसार घाँटीमा सल बेरिएको अवस्थामा घाँटी, निधार र अन्य शरीरको भागमा चोटपटक लागेको अवस्थामा उनको शव बरामद गरिएको थियो।

मृतक सुशीला र प्रेमबीच डेढ वर्ष अगाडि जाजरकोट रिम्ना मेलामा चिनजान भएको र त्यतिबेला फोन नम्बर साटासाट गरेर बेला-बेला भेटघाट हुने गरेको अनुसन्धानमा खुलेको प्रहरीले जनाएको छ। सोही क्रममा साउन २१ गते सोमबार प्रेम भेटघाटका लागि सुशीलाको घरमा आएका थिए। उक्त रात दुवै जना सँगै बसेको र साउन २२ गते मंगलबार बिहानै उठेर दुवै जना रिम्ना बजार गएर घुमेको प्रहरीले बताएको छ।

सो रात पनि दुवै जना सुशीलाकै घरमा आएर बसेको र राति १२ बजेतिर सुशीलाले आफूहरुको सम्बन्धबारे घरमा र गाउँघरका मानिसहरुलाई थाहा पाइसेकको बताउँदै प्रेमलाई आफूसँग विवाह गर्न भनेपछि प्रेमले विवाह गर्न सक्ने अवस्था नभएको बताएर मार्ने मनसाय बनाएर फलामको तावा, सिलौटोलगायतका घरेलु हतियारले प्रहार गरेर सलले घाँटी बाँधेर हत्या गरेको खुलेको प्रहरीले बताएको छ।

सोधपुछका क्रममा प्रेमले घटनापश्चात मृतक सुशीलाको मोबाइल साथमा लिइ आफ्नो कोठामा लुकाएर राखेको बताएपछि प्रहरीले सो मोबाइल पनि बरामद गरेको छ।

प्रेमविरुद्ध कर्तव्य ज्यान मुद्दामा रुकुम जिल्ला अदालतबाट पाँच दिनको म्याद थप अनुमति लिइ थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ।

# हत्या अभियोगमा पक्राउ

**मोरङ/मस-** आफ्नै श्रीमतीको हत्या अभियोगमा श्रीमान पक्राउ परेका छन्। ४१ वर्षीया पबित्रा फुयाल नेपालको हत्या गरेको अभियोगमा सुन्दरहरैचा नगरपालिका-१० बागझोडा बस्ने ५८ वर्षीय लक्ष्मण नेपाल पक्राउ परेका हुन्।

आइतबार बिहान इलाका प्रहरी कार्यालय बिराटचोकबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

घरायसी विवादको क्रममा लक्ष्मणले एक्कासी खुकुरी प्रहार गर्दा गम्भीर घाइते भएकी पबित्राको नोबेल अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको थियो। प्रहरीका अनुसार नेपाल दम्पतीले किनेको १६ धुर जग्गा किनेर पवित्राको नाममा थियो। दुई जनाबीच झगडा भएपछि एक अर्काविरुद्ध अदालतमा मुद्दा दायर गरेका थिए।

लक्ष्मणले अदालतमा जग्गा रोक्कासम्बन्धी मुद्दा हालेका थिए। पवित्राले घरेलु हिंसा र मानाचामल सम्बन्धी मुद्दा दर्ता गरेकी थिइन्।


स्थानीय सरकार

**मिक्लाजुङ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**रवि, पाँचथर**

**सिलबन्दी बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०४/२८**

यस मिक्लाजुङ गाउँपालिकाको कार्यालयले सिलबन्दी बोलपत्रद्वारा निर्माण कार्य खरिद गर्नुपर्ने भएकोले सिलबन्दी बोलपत्रमा उल्लेख भए अनुसार योग्यता पुगेका ईच्छुक निर्माणकर्ताहरुले बोलपत्र दरखास्त फाराम खरिदको लागि आन्तरिक राजश्व खाता नं. ग १.१ ०६२५१०१३९५९२५११२ र बोलपत्र जमानत नगद धरौटीको लागि यस कार्यालयको धरौटी खाता नं.: ग १.३ ०६२५१०१३९५९२५०६६ मा जम्मा गरी बोलपत्रमा सहभागी हुनको लागि यो सूचना प्रकाशित गरिएको छ। सूचनाको विस्तृत विवरण कार्यालयको website: www.miklajungmunpanchthar.gov.np, PPMO को website: www.bolpatra.gov.np/egp मा र कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको छ।

**तपसिल**

| बोलपत्र नं | बोलपत्रको विवरण | लागत अनुमान (मू.अ.कर र पि.एस बाहेक) | बोलपत्र दरखास्त फाराम रकम रु. (Bid fee) | बोलपत्र धरौटी रकम रु (Bid security) |
|---|---|---|---|---|
| MRM/NCB/WORKS-01/081/082 | Procurement of High Altitude Playground Phase-II | रु. २१,१३,२३३।६० (अक्षरेपी एकाइस लाख तेह्र हजार दुई सय तेतिस रुपैया साठी पैसा मात्र) | ३,०००।०० (अक्षरेपी तीन हजार रुपैया मात्र) | ७०,०००।०० (अक्षरेपी सत्तरी हजार रुपैया मात्र) |

१. **सिलबन्दी बोलपत्र खरिद गर्ने अन्तिम मिति, समय र स्थानः-** विद्युतीय खरिद प्रणालीबाट २०८१/०४/२७ गते दिउँसो १२.०० बजेसम्म www.bolpatra.gov.np/egp बाट

२. **सिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति, समय, र स्थानः-** विद्युतीय खरिद प्रणालीबाट २०८१/०५/२७ गते दिउँसो १२.२७ बजेसम्म www.bolpatra.gov.np/egp बाट

३. **सिलबन्दी बोलपत्र खोल्ने समय र स्थानः-** २०८१/०५/२७ गते दिउँसो १३.०० बजे, मिक्लाजुङ गाउँपालिकाको कार्यालय, रवि, पाँचथर।

४. **सूचनाको विस्तृत विवरण कार्यालयको** website: www.miklajungmunpanchthar.gov.np, PPMO को website: www.bolpatra.gov.np/egp वा सम्पर्क नं ९८५२६८४४०० मा सम्पर्क गरि बुझ्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**



**कतारमा रोजगार |** कम्पनी: **GREEN TARA CONTRACTING AND SERVICES** शहर: **DOHA**

पूर्व स्वीकृत मिति: २०८१/०३/२८ | चलानी नं.: ६०२२२१६९ | LT. No.: 307441

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 0 | 5 | स. काममा दक्ष | 1000 | ३६,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ ३ गते (19 August 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Radium International Employment Services Pvt. Ltd.
Baneshwor, Kathmandu, Tel. : 4489492 , 01-4485172
Email: info@radiumemployment.com, Web.: www.radiumemployment.com
श्रम इजाजत नं. ९६८/०६७/०६८





मध्यान्ह
www.madhyanhadaily.com
२८ साउन २०८१, सोमबार
12 August 2024, Monday

## सम्पादकीय

# प्रचण्डको दायित्व

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रको स्थायी कमिटी बैठकलाई राजनीतिक वृत्तमा चासोका साथ हेरिएको छ । ९ वर्षपछि प्रमुख विपक्षी भूमिकाको हैसियतमा माओवादी बैठक बसिरहेकाले चासोका साथ हेरिनु स्वभाविक हो । अझ बैठकमा उठेको एजेण्डाले चासो बढाएको छ । किनकि बैठकमा साढे तीन दशकदेखि नेतृत्वमा रहेका पुष्पकमल दाहाल प्रचण्डलाई अध्यक्ष छोड्न दबाव दिइएको छ । उपमहासचिव जनार्दन शर्मा प्रभाकरले अध्यक्ष छोड्न तीन विकल्प दिएका छन् । लिखित प्रस्तावकै रूपमा नेतृत्व हस्तान्तरण, पुस्तान्तरण अथवा महाधिवेशन गरेर छोड्न प्रचण्डलाई सुझाव दिएकाले माओवादी बैठक चासोको विषय बनेको हो । प्रचण्डले जति लामो समय माओवादीको नेतृत्व गरे र उनको स्वीकारोक्ति पार्टीभित्र थियो, त्यसआधारमा शर्माको प्रस्ताव अर्थपूर्ण छ ।


अझ शर्मा लामो समयदेखि प्रचण्डकै सहयोगी नेता हुन् । निर्मल लामा, मोहनविक्रम सिंह, मोहन वैद्य, बाबुराम भट्टराई जस्ता नेताहरूले पार्टी छोडेर निस्कने परिस्थिति प्रचण्डले बनाउँदा पनि शर्मा लगायत केही नेताहरूले सधैं बलियो साथ दिने गरेका थिए । प्रचण्डकै समकालीन बाबुरामले ९ वर्षअगाडि माओवादी छोडे । त्यसबेला बाबुरामलाई छोडेर कयौं नेताहरूले प्रचण्डलाई साथ दिएका थिए । तर नेपाली कांग्रेस र नेकपा एमाले मिलेर सरकार बनाउँदा प्रधानमन्त्री पद गुमाएका प्रचण्डलाई जुनियर नेताहरूले चुनौती दिएका छन् । शर्माले अध्यक्ष पदमा तेस्रो पुस्ताका नेता ल्याउने विकल्प समेत दिएका छन् । धेरैले शर्माको प्रस्तावलाई सकारात्मक भनेका छन् । प्रचण्डले जीवनभर अध्यक्ष छोड्दैनन् भन्ने भाष्यका कारणले पनि शर्माको प्रस्तावलाई सकारात्मक मानिएको हुन सक्छ ।

जवाफमा प्रचण्डले भने आफूलाई हटाउन चाहने शक्तिलाई 'विदेशी तत्व'को टिप्पणी गरेका छन् । अझ भारतीय विदेश सचिव काठमाडौंमै रहेको र अमेरिकाबाट उच्च तहको भ्रमण हुँदै गर्दा प्रचण्डले यस्तो टिप्पणी गरेका छन् । प्रचण्डको जवाफी टिप्प्णी र शर्माको प्रस्तावका कारण राष्ट्रिय राजनीतिमै असर पर्ने संभावना हुन सक्छ । किनकि माओवादीको राजनीतिले समाज र मुलुकलाई प्रभाव नपार्ने कुरै हुँदैन । अझ माओवादी शक्ति विशेष पृष्ठभूमिबाट उदाएको तथ्य कतै लुक्दैन । तसर्थ माओवादीभित्र उत्पन्न समस्यालाई सुझबुझपूर्ण तरिकाले हल गर्न आवश्यक छ । नेतृत्व परिवर्तन पार्टीभित्रको लोकतन्त्रको कुरा हो । तर त्यसले मुलुकको राजनीतिक संस्कृति र देशको कुटनीतिलाई समेत असर पार्न सक्छ । यसबारे आवश्यक ध्यान दिएर समाधान निकाल्नु स्वयं प्रचण्डकै पनि दायित्व हो ।

# कुलमानप्रति सत्ताको असंगत दृष्टि

*प्राधिकरणले सफलता हासिल गरेको अमूक राजनीतिक दल र तिनका नेतालाई मन परेको छैन । त्यसको जश अर्कैले लिएको उनीहरूलाई चित्त बुझेको छैन ।*

अग्रलेख



● रमेश लम्साल




चरम राजनीतिक हस्तक्षेप, अव्यवसायीक व्यवहार तथा आर्थिक अनियमितताका कारण अधिकांश सरकारी संस्थान उठ्नै नसक्ने गरी धरासायी भएका छन् । विशेषगरी नेपाली नागरिकलाई सहजरूपमा सेवा सुविधा प्रदान गर्ने लक्ष्यका साथ स्थापना भएका संस्थानलाई नयाँ लक्ष्य निर्धारण गरेर प्रतिस्पर्धी बनाउनु पर्ने आवश्यकता झनै बढेर गएको छ । सरकारको व्यवहार भने ठिक विपरित रहेको अनुभव गर्न सकिन्छ । पछिल्ला दिनमा विशेषगरी नेपाल विद्युत् प्राधिकरण र नेपाल टेलिकमले अपेक्षितरूपमा अन्यभन्दा प्रगति गरेका छन् । नाफा कमाएका छन् । सरकारको साख राखेका छन् । सरकारले गरेको लगानीलाई प्रतिफलमा रूपान्तरण गरेका छन् ।

कुनै बेला झण्डै रु ३४ अर्ब ६१ बराबरको सञ्चित नोक्सानीमा रहेको नेपाल विद्युत् प्राधिकरणले पछिल्ला वर्षहरूमा गरेको प्रगति आफैमा उदाहरणीय छ । लोभलाग्दो छ । सही नेतृत्व पाउने हो भने जस्तोसुकै समस्यामा परेका सरकारी संस्थानले पनि काँचुली फेर्न सक्छ भन्ने खास परिचय दिएको छ, प्राधिकरणले । तर, पछिल्ला दिनमा जब सरकार बदलियो, प्रधानमन्त्री बदलिए र मन्त्री नयाँ आए त्यसपछि प्राधिकरणमाथि पुनः कालो बादल त देखिएको होइन भन्ने आशंका घटनाक्रमले पैदा गरिदिएको छ । तत्कालीन ऊर्जामन्त्री पोष्टबहादुर बोगटीको प्रस्तावमा एक पटक घाटा अपलेखन गरेर प्राधिकरणलाई गति दिने प्रयास गरिएको थियो ।

चरम अँध्यारो र लोडसेडिङको चक्रव्यूहमा फसेको प्राधिकरणलाई माओवादी नेतृत्वको सरकार र मन्त्रीले नै त्राण दिएको तथ्य कोही कसैबाट छिपेको छैन । प्रचण्ड नेतृत्वको पहिलो सरकारले मुलुकबाट लोडसेडिङ हटाउने र प्राधिकरणलाई व्यवसायिकरूपमा प्रतिस्पर्धी बनाउने योजना अगाडि सारेको थियो । सोही योजनाको आलोकमा आजसम्म आइपुग्दा अधिकांश सरकारी सरकारी संस्थान धारासायी हुँदा पनि प्राधिकरणले देखाएको सफलता अरुका लागि पनि अनुकरणीय बनेको छ ।

प्राधिकरणमा विशेषगरी कुलमान घिसिङ आएयता मात्रै रु. ४७ अर्ब ४१ करोड सञ्चित नाफा भएको छ । प्राधिकरण आफैले पूर्वाधारमा झण्डै एक खर्ब बराबरको लगानी गरेको छ । विगतमा प्राधिकरणले अध्यारोको व्यापार गर्थ्यो । हरेक साता सार्वजनिक हुने लोडसेडिङको सूचना र सोही सूचनाका आधारमा तय हुने मानवीय जीवन व्यवहार के-कति कष्टकर थियो भन्ने आम नेपालीको विष्मरणमा पुगिसकेको छैन ।

नागरिकलाई अध्यारोमा राखेर केही सिमित व्यापारीलाई बिजुली दिनेहरूले यतिबेला प्राधिकरणको विपक्षमा मत राखिरहेका छन् । तोकादेशका भरमा बाँडिएको डेडिकेटेड र ट्रंक लाइनको महशुल उठाउने जिम्मेवारीसमेत प्राधिकरणको वर्तमान नेतृत्वलाई आइपरेको छ । कुनै नियम कानुन, विधि नै नबनाइ राज्यको सम्पत्ति व्यवसायिक हितका लागि को-कसले वितरण गरे भन्ने कुराको फेहरिस्तका बारेमा आम नेपाली जानकार नै छन् । खास अर्थमा भन्दा, 'अध्यारोका व्यापारी'ले इन्भटर देखेका छन् । जेनरेटर र त्यसबाट प्राप्त हुने अतिरिक्त मुनाफा देखेका छन् । आम नागरिकलाई अध्यारोमा राखेर कमाएको पैसाको स्रोत के थियो र त्यो कहाँ कसले, कसरी प्रयोग गरेका छन् भन्ने पनि नेपाली नागरिकलाई थाहा छ । तिनै मानिसहरू यतिबेला साखुल्य बन्दै कुतर्क गरिरहेका छन् । आफ्नो कार्यकालमा राम राज्य थियो, अहिले नै हो सबै बिग्रेको उनीहरूको यस्तै धारणा छ ।

एउटा झुटलाई एक सय पटकभन्दा बढी दोहोऱ्याएपछि त्यो सत्यका रूपमा स्थापित हुन्छ भन्ने गोयवल्सको प्रचार शैली उनीहरूले अपनाएका छन् । सामान्य नेपाली नागरिकले मिटर नपाउँदा बोलिदिने कोही छैन । तिनले बिजुलीको महशुल नबुझाउँदा काटिने लाइनको बारेमा बोलिदिने पनि कोही छैन ।

प्राधिकरणले सफलता हासिल गरेको अमूक राजनीतिक दल र तिनका नेतालाई मन परेको छैन । त्यसको जश अर्कैले लिएको उनीहरूलाई चित्त बुझेको छैन । ठूलो संस्थामा हुने वार्षिक ठेक्का पट्टा, त्यहाँ हुने राजनीतिक नियुक्तीमा भाग खोज्ने परिपाटीको शुरुवात गराउन चाहन्छ सत्ता । भूपी शेरचनले कुनै समय त्यसै लेखेका होइनन् ' घुम्ने मेचमाथि अन्धो मान्छे ... ।' सत्ताको नजर पनि भूपिले भनेजस्तै दोषी छ । सत्ताले लगाएको चश्मा दोषी छ । सोही कारण प्राधिकरणले गरेको प्रगति उनीहरूका लागि सही साध्य भएको छैन । कुलमानले राम्रो काम गरे, उनलाई माओवादी नेतृत्वले ल्याएको हो भन्ने तागत उनीहरूसँग छैन । किनकी, राम्रो कामको जश अरुलाई दिइयो भने तिमीहरूले के गऱ्यौ त भन्ने प्रश्न उठन सक्छ भन्ने भयले काम गरेको छ सत्तालाई ।

प्राधिकरणको प्रगति सरकारको प्रगति हो, राज्यको प्रगति हो भनेर स्वीकार गर्नुको साटो सार्वजनिकरूपमा मुलुकको कार्यकारी प्रमुख नै असंगत तर्क गर्दै हिँडेका छन् । उनले संसदमा देखाएको रुखो रवैया सभ्य समाज र लोकतान्त्रिक शासन व्यवस्थामा सुहाउने प्रकृतिको थिएन । व्यापारीले कर तिर्न पर्दैन, प्राधिकरणले गलत बिल काट्यो होला, कागजमा नाफा देखाइएको छ, आदि इत्यादी तर्क गरेर मुलुकको कार्यकारी प्रमुख सार्वजनिकरूपमा प्रस्तुत हुन मिल्दैन । त्यो पदमा रहेको व्यक्तिले यस्तो टिप्पणी गर्ला भनेर अनुमान पनि गर्न सकिँदैन ।

साउन ६ गते प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीले संसदमा दिएको अभिव्यक्ति आफैमा त्यो पदका लागि मिल्दो थिएन । खासमा प्रधानमन्त्री प्राधिकरणको संरक्षण हो । राम्रो गर, गलत नगर उनले भन्न सक्छन् । कानुनअनुसार व्यवहार गर भन्ने उनको दायित्व हो । तर, बिल नतिर, तिर्नुपर्दैन, गलत बिल काटेको भन्ने जस्ता पुष्टि नहुने तर्क गर्न भने मिल्दैन । सामान्य मानिसले त गलत बोल्न मिल्दैन । मुलुकको कार्यकारी प्रमुखले त झनै मिल्दैन । समाजवाद उन्मुख संविधान प्रदत्त शासन व्यवस्था भएको देशको प्रधानमन्त्रीले त त्यस्तो तर्क गर्ला भनेर कल्पना पनि गर्न सकिँदैन । आर्थिक वर्ष ०७२/७३ सम्म नोक्सानीमा रहेको प्राधिकरण कुलमान नेतृत्वमा आएयता निरन्तर नाफामा छ । कूल २५.७८ प्रतिशत भइरहेको विद्युत् चुहावट अहिले १२.७३ प्रतिशतमा झरेको छ । यसबाट मात्रै प्राधिकरणले प्रतिवर्ष करिब १२ अर्ब थप आम्दानी गरेको छ ।

विद्युतको बजार भारतदेखि बंगलादेशसम्म विस्तार भएको छ । यसले पनि के देखाउँछ भने इमान्दार भएर काम गर्न सकियो भने समस्यामा परेका सरकारी निकायले एकाध वर्षमा तरक्की गर्न सक्छ । राम्रो काम गर्नेलाई प्रोत्साह गर्ने नेपाली समाजको प्रवृत्ति बन्न सकेन । पछिल्ला दिनहरूमा त स्टन्टबाजहरूको बोलवाला बढेको छ । चर्का कुरा गर्नेहरू एकाएक नायकमा रूपान्तरित भएका छन् । खासमा प्राधिकरणको प्रगति एउटा नायकको भन्दा फरक छैन । किनकी, त्यहाँ लोकप्रियतावाद भन्दा बढी काम थियो र इमान्दार प्रयत्न थियो । काम गर्ने क्रममा सामान्य गल्ती कमजोरी हुन सक्छ । त्यसलाई स्वीकार गरेर आगामी दिनमा झनै राम्रो गर्ने र त्यसका लागि आड भरोसा प्रदान गर्नु सरकारको दायित्व हो । तर, संसदीय समिति लगाएर तह लगाउँछु कारवाही गर्छु, भ्रष्टाचारी करार गर्छु भन्ने मानसिकता राख्नु विल्कुल सुहाउँदो विषय होइन । सार्वजनिक लेखा समिति र त्यसका सभापति ऋषिकेश पोखरेलले देखाएको व्यवहार र मुलुकको कार्यकारी प्रमुखले देखाएको व्यवहारमा समानता देखिन्छ । राम्रो काम गर्नेलाई प्रोत्साहन होइन, निरुत्साहन छ उनीहरूको व्यवहारमा । समितिमा छलफल गर्नुपर्ने विषयको नोट अन्यत्र बनेर आउँछ । 'कर्पोरट लयर'ले तयार पारेको कागजातलाई निर्णय गराउन खोजिएको भन्दै संसदमा आवाज उठेको छ । तथ्यहरूले पनि त्यही देखाएको छ ।

व्यापारिक स्वार्थका लागि डेडिकेटेड फिडर र ट्रंकलाइनको प्रिमियम महसुल विवादमा प्राधिकरणको नेतृत्वलाई दोषी करार गराउन खोजिएको छ । त्यसको निशानामा माओवादी छ । सिंहदरबारको टार्गेट प्राधिकरण र कुलमान होइनन्, प्रचण्ड र माओवादी हुन् भन्ने घटनाक्रमले पुष्टि गरेको छ । सोही कारण कुलमान माथि 'अनावश्यक' प्रेसर थोपरिएको छ । शुक्रबार उनले सगौरव भनिदिए, कुनै समय घाटामा चलेको संस्थालाई हामीले नाफामा लग्यौ । उनले सरकारको शतप्रतिशत स्वामित्वमा रहेको प्राधिकरणलाई नमुनायोग्य नाफा कमाउने संस्थाका रूपमा स्थापित गरिएको मात्रै बताएनन्, सरकारसँग मिलेर काम गरेको उल्लेख गरे ।

यसबीचमा प्रश्नहरू उठेका छन्, सरकारी संस्थानहरू किन बन्द भए ? गोरखकाली रबर उद्योग, बाँसबारी छाला जुत्ता कारखाना, विरगञ्ज कृषि औजार कारखाना, भृकुटी कागज कारखाना, काठमाडौँको ट्रली बस किन डुब्यो ? कुनै बेला नेपाली जनताको सेवा गरेका, राज्यको लगानी परेका यी संस्थान आज कहाँ छन् ? तथ्य भन्छ, त्यसको अस्तित्व समेत मेटिइसकेको छ ।

निजीकरणको दलदल र चपेटामा पारेर सरकारी स्वामित्वका उद्योग, संस्थानहरू बिलाए । के प्राधिकरण पनि सोही दिशामा लैजान खोजिएको हो ? संघीय संसदमा उठेको संगीन प्रश्न हो । तर, उत्तर दिने निकायमा रहेकाहरू प्राधिकरणको सञ्चालक समिति सदस्य हटाएर कुलमानमाथि चेक गरिरहेका छन् । चेसमा राजालाई चेक गर्न प्यूसाहरू अगाडि सारिन्छ । यस्तै, रवैया सरकारले सञ्चालक समिति सदस्य वर्खास्त गरेर शुरु गर्न खोजेको थियो । तर, सर्वोच्च अदालतले सरकारको गलत कामलाई रोक लगाइदिएको छ ।

त्यसो त लेखा समितिको रवैयालाई पनि आम नागरिकले गरेको विरोधले रक्षात्मक बनाइदिएको छ । अवैध रूपमा कुनै पनि निर्णय नगर्न नागरिकको तर्फबाट लेखा समितिलाई चेतावनी दिइएको छ । यसबाट पनि के देखिन्छ भने स्वतन्त्र नागरिकको अभिव्यक्ति कति शक्तिशाली रहेछ । सामाजिक सञ्जालले नकारात्मक भाष्य मात्रै स्थापित गरेको छैन । सकारात्मक काम पनि गरेको छ । प्राधिकरणको नेतृत्वमाथि सरकार र सरकार सम्बद्ध निकायले देखाएको व्यवहार युक्ति संगत थिएन । सरासर गलत थियो भन्ने स्थापित गरिदिएको छ । सानाको लाइन काट्ने प्राधिकरणले किन ठूलालाई छुट ? प्रधानमन्त्री र मन्त्रीले भनेको भरमा छुट दिन मिल्छ ? आम नागरिकको जवाफ छ मिल्दैन । सकिदैन । हुँदैन ।

अर्थतन्त्रको सबलीकरण र उन्नयनका लागि ऊर्जा क्षेत्र नै प्रमुख आधार स्तम्भका रूपमा स्थापित छ । सरकारले आगामी १० वर्षमा १० हजार मेगावाट बिजुली भारत निर्यात गर्ने द्विपक्षीय सम्झौता गरिसकेको छ । हाल पनि औसतमा सात सय मेगावाट बिजुली भारत निकासी भइरहेको छ । गत आवदेखि नै नेपाल खुद निर्यातक बनेको अवस्था छ । निकट भविष्यमा नै थप बिजुली निकासीका लागि सहमति समेत आउँदैछ । यसले पनि क्रमशः समृद्धिको ढोका खोल्दैछ । बंगलादेशमा देखा परेको राजनीतिक परिवर्तनका कारण तत्काल नै ४० मेगावाट विद्युत् निर्यात हुने सम्भावना कम भएपनि कर्मचारी प्रशासन दोहोरो सम्पर्कमा छ । यसबाट आगामी दिनमा बंगलादेशको बाटो पनि खुल्ने नै देखिन्छ ।

सन् ०३५ सम्म बंगलादेशमा पाँच हजार मेगावाट विद्युत् निर्यात गर्ने लक्ष्य निर्धारण गरिएको छ । यस्तै, सोही अवधिमा २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखिएको छ । यसले पनि मुलुकको ऊर्जा क्षेत्रले उल्लेखनीय प्रगति गरेको र सोही दिशामा केन्द्रीत रहेको स्पष्ट हुन जान्छ । तर, राज्यको एउटा निकायले गरेको प्रगतिमा खुसी भएर, थप प्रगति गर्न प्रोत्साहित गर्नुपर्ने सरकार भने सिगौरी खेल्न तयार छ । यसले कोही कसैको भलो गर्दैन । नागरिकको आवाज कुल्चदा के हुन्छ भन्ने खास उदाहरण बंगलादेशले देखाइसकेको सन्दर्भमा शासकहरूले बेलैमा सचेतता अपनाउँदा नै राम्रो हुन जान्छ ।

## सामाजिक सञ्जाल



**- डम्मर खतिवडा**

दक्षिण एसियामा भारतीय हस्तक्षेप ठिक यतिखेर बिलकुलै बेतुकको बात हो । अफगानिस्तान, पाकिस्तान, श्रीलङ्का, मालदिभ्स, बङ्गलादेश, कुनै घटना भारतका इच्छा, चाहनाअनुकुल हैनन् । यहाँसम्म कि नेपाल पनि । मोदी शासनकालको भारत दक्षिण एसियाको मनोदशा नै न बुझ्ने भएको छ- हस्तक्षेप त धेरै परको कुरा ।



**- प्रेम मगर**

प्रधानमन्त्री हुञ्जेल, सत्तामा रहुन्जेल 'समाजवादी मोर्चा', 'वाम एकता'को औचित्य नदेख्ने पुष्पकमल दाहाल 'प्रचण्ड'ले सत्ता र सरकारबाट बाहिरिए लगत्तै यो मुद्दा जोडतोडले उठाउँदै छन् । प्रचण्डले दैनिक भन्ने गरेका 'घोषणा', 'उथलपुथल', 'निर्णायक आन्दोलन' 'समाजवाद' सुन्दा सुन्दा वाक्कै भइसक्यो ।



**- सरोज पोखरेल**

नामाकुलहरूले कुलमानलाई निशाना बनाउँदैछन् । न देश न विद्युत प्राधिकरण यिनीहरूको बाऊको हो । त्यै पनि घण्टौं लोडसेडिङ र अरबौं घाटा भएको प्राधिकरणलाई अरबौं नाफामा लाने घिसिङलाई निकाल्ने दाऊ खोज्दै छन् । ल ठिक छ, कुलमान भ्रष्टाचारी ! त्यसो भए अरू सबै नेता र कर्मचारी सदाचारी हुन त यो देशमा !



**- कमल थापा**

पराई मुलुकको विदेश सचिव भ्रमणमा आउँदा राष्ट्रपति, प्रधानमन्त्री, विपक्षी दलका नेताहरू भेट्न पाउने सौभाग्य नेपालमा मात्र पाइन्छ । यही कारणले गर्दा नेपालका राजदूतले विदेश मन्त्री भेट्न नौ महिना कुर्नुपर्छ र परराष्ट्र मन्त्री विदेश भ्रमणमा जाँदा प्रधानमन्त्री नभेटी फर्किनुपर्छ ।

# नास्तिकताले समाज र व्यक्तिमा पार्ने प्रभाव

विचार



● राजन तिमिल्सिना

नास्तिकताले समाजमा नयाँ शिक्षा र चेतनाको विकास गर्न मद्दत गर्दछ । यसले समाजमा विभेद, शोषण, अन्याय, अत्याचार र हिंसा हुन दिँदैन । नास्तिकता तर्क, प्रमाण र वैज्ञानिक सोचमा आधारित हुन्छ । यसले मानिसहरूलाई अन्धविश्वासबाट टाढा राख्दै, अनुसन्धान, ज्ञान र प्रविधिको खोजीलाई प्रोत्साहित गर्छ । नास्तिकता धार्मिक आस्थामा आधारित नहुने हुँदा नैतिकता र मानवतावादलाई मानवीय सम्बन्ध र समाजको लागि महत्त्वपूर्ण ठान्छ । यसले स्व-अनुशासनको आधारमा नैतिकवान बन्न प्रोत्साहित गर्छ र अन्धविश्वास आधारित सबैखाले धर्मको आवश्यकता छैन भन्ने सन्देश प्रवाह गर्छ ।

नास्तिकताले मानिसहरूलाई धार्मिक नियमहरू वा परम्परागत मान्यताहरूको बन्धनबाट मुक्त गर्छ । व्यक्तिलाई आफ्नो विचार, जीवनशैली, र निर्णयहरूमा स्वतन्त्रता प्रदान गर्छ । नास्तिकताले मानिसहरूलाई प्रश्न गर्न, आलोचनात्मक ढंगबाट सोच्न र विभिन्न दृष्टिकोणहरूलाई जाँच्न प्रेरित गर्दछ । यसले विचारधारामा विविधता र संवादको विकासमा सहयोग पुऱ्याउँछ । नास्तिकताले सबै मानिसलाई धर्म, जात, लिङ्ग, पेसा, भूगोल जे भए पनि समान रूपमा हेर्ने दृष्टिकोणको समर्थन गर्छ । यसले समाजमा समता, समानता र समावेशीकरणको भावना विकास गर्न मद्दत गर्छ ।

समग्रमा, नास्तिकताले समाजमा वैज्ञानिक, नैतिक, र आलोचनात्मक चेतनाको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसले भौतिक जगत, मानव समाज र वैज्ञानिक अविस्कारहरूको वस्तुगत ज्ञान र चेतनाले पारङ्गत बनाउन अग्रगामी भूमिका खेल्छ ।

**नास्तिकतासम्बन्धी केही बुँदागत तथ्यहरू :**

- नास्तिकताले ऐतिहासिक तथ्य र प्रमाणको आधारमा बोल्न सिकाउँछ ।
- नास्तिकताले अन्धभक्तीमा होइन, खोज, अन्वेषण र अनुसन्धानमा जोड दिन्छ ।
- नास्तिकताले सबै खाले अन्धविश्वासबाट टाढा राख्न मद्दत गर्छ ।
- नास्तिकताले विज्ञान, ऐतिहासिक तथा पुरातात्त्विक प्रमाणविनाका तर्कलाई मान्यता दिँदैन ।
- नास्तिकताले तथ्य र प्रमाणको आधारमा सही र गलत छुट्टाउन सिकाउँछ ।
- नास्तिकताले प्रमाणबिना समाजमा फैलिएको गलत धारणालाई विश्वास गर्न अनुमति दिँदैन ।
- नास्तिकताले स्वर्गको लालचा र नर्कको त्रासबाट मानसिक गुलाम बन्न दिँदैन ।
- नास्तिकताले सबै मानिसलाई भेदभावरहित समान देख्न सिकाउँछ ।
- नास्तिकताले मानिसलाई निष्पक्ष, नैतिकवान र इमानदार बनाउँछ
- नास्तिकताले पाप र पुण्यको मानसिक दासत्वबाट बाहिर निकालेर सही र गलत बुझ्न मद्दत गर्दछ ।
- नास्तिकताले आफू स्वयंमाथि विश्वास गर्न सिकाउँछ ।
- नास्तिकताले पाखण्डलाई मुक्त गर्छ ।
- नास्तिकताले निर्जीव वस्तुको गुलाम बन्ने मानसिकतालाई अस्वीकार गर्न सिकाउँछ ।
- नास्तिकताले धार्मिक दङ्गाबाट टाढा रहने चेतको विकास गर्दछ ।
- नास्तिकताले सही कुराको समर्थन र गलतको विरोध गर्ने साहस सिर्जना गर्छ ।
- नास्तिकताले धार्मिक ठगहरूको मीठो शब्दमा फसेर जीवन र सम्पत्तिको हानी हुनबाट जोगाउँछ ।
- नास्तिकताले समता, स्वतन्त्रता र भातृत्वको विकासमा जोड दिन्छ ।
- नास्तिकताले निर्भीकतापूर्वक आफ्ना विचार राख्न र अरूको कुरा सुन्न सिकाउँछ ।
- नास्तिकताले खोज, अनुसन्धान, अन्वेषण, आविष्कारलाई जोड दिन्छ ।
- नास्तिकताले निर्दोष महिलाहरूमाथि धर्मगुरु, पण्डित, मौलवी, मुल्ला, पास्टर, पादरी, लामा, भिक्षु, तान्त्रिक, मोल्वी, धामीझाँक्री, आदि धार्मिक गुरुहरूको लालसाको सिकार हुनबाट जोगाउँछ ।
- नास्तिकताले कुनै पनि भगवान, ईश्वर, अल्लाह, परमेश्वर आदिको अस्तित्वलाई अस्वीकार गर्न सिकाउँछ ।
- नास्तिकताले चमत्कारमा विश्वास गर्दैन र त्यसो हुनुका वैज्ञानिक कारण खोज्छ ।
- नास्तिकताले मानिसलाई अन्धभक्त भेडाको होइन कि सचेत र चेतनशील नागरिक बनाउँछ ।
- नास्तिकताले अन्याय र दमनबाट मुक्त समाज निर्माण गर्न सिकाउँछ ।
- नास्तिकताले सबै खाले रुढीवाद र अन्धविश्वासबाट मुक्त बनाउँछ ।
- नास्तिकताले जनावरको मलमूत्र सेवन अस्वीकार गर्ने चेतना दिन्छ ।
- नास्तिकताले आधुनिक र उन्नत विचारको जन्म गराउँछ ।
- नास्तिकताले परम्परागत पाखण्ड छोड्न मद्दत पुऱ्याउँछ ।
- नास्तिकताले मानव जातिलाई सही ज्ञान र चेतनाद्वारा सभ्य नागरिक बन्न मद्दत गर्छ ।
- नास्तिकताले पदार्थको गति, विशेषता र गुणबारे यथार्थ शिक्षा दिन्छ ।
- नास्तिकताले समाजलाई अग्रगामी र उज्यालो मार्गतर्फ दिशानिर्देश गर्छ ।

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष : | राजनैतिक लाभ प्राप्त हुनेछ । खर्च वृद्धि हुनेछ । |
| वृष : | सानो-सानो कुरामा विवाद हुने योग छ । नयाँ सम्बन्ध बन्ने योग छ । |
| मिथुन : | सुखद समाचार प्राप्त हुनेछ । सबै कार्यमा सन्तुलन राख्नुहोला । |
| कर्कट : | कार्यमा विस्तारै प्रगति हुन्छ । धैर्यता जरुरी हुनेछ । |
| सिंह : | अनावश्यक जिम्मेवारी दुःख दिनेछ । धैर्यता राख्नुहोला । |
| कन्या : | अनावश्यक जिम्मेवारी लिनु हुँदैन । सबै कार्यमा धैर्य राख्नुपर्छ । |
| तुला : | रोकावटपछि सफलता मिल्नेछ । शत्रु परास्त हुनेछ । |
| वृश्चिक : | स्वास्थ्य सामान्य रहनेछ । व्यापारिक कार्यमा लाभ हुनेछ । |
| धनु : | सबै कार्यहरूमा प्रगति र साथीभाइबीच सम्बन्ध राम्रो भइरहनेछ । |
| मकर : | घर परिवारबाट अपेक्षित सहयोग प्राप्त होला । सन्तानको सुख प्राप्त हुनेछ । |
| कुम्भ : | दैनिक कार्यमा प्रगति हुन्छ । आत्मविश्वास राख्नुहोला । |
| मीन : | नयाँ कार्य बन्नेछ । पारिवारिक उल्झन तनावमा वृद्धि हुनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# यातायात व्यवस्था कार्यालय गौरद्वारा १० करोड ३९ लाख राजस्व संकलन




**मनोज कुमार साह/मध्यान्ह**
रौतहट,२७ साउन

रौतहट गौरमा रहेको यातायात व्यवस्था कार्यालय गौरले गत आर्थिक वर्ष २०८०/०८१ मा १० करोडभन्दा बढी राजस्व संकलन गरेको छ। २०८० साउन देखि २०८१ असार मसान्तसम्म कार्यालयले १० करोड ३९ लाख ८० हजार ५ सय रुपैयाँ संकलन गरेको हो । २०७९ साल फागुनदेखि सवारी चालक अनुमति पत्र वितरण गर्न थालेको सो कार्यालयले छोटो समयमा नै राम्रो राजस्व संकलन गर्न सफल भएको सो कार्यालयका प्रमुख अरबिन्द दासले जानकारी दिए । सो अवधिका यातायात व्यवस्था कार्यालय गौरले विभिन्न प्रकारका १३ हजार ९ सय ३१ वटा सवारी चालक अनुमति पत्र नागरिकहरुलाई प्रदान गरेको कार्यालय प्रमुख दासले जानकारी दिए । सबै प्रकार गरी ३३ हजार १ सय ९ वटा आवेदन परेकोमा १३ हजार ९ सय ३१ जनाले मात्रै सवारी चालक अनुमति पत्र पाउन सफल भएको उनले बताए । यातायात व्यवस्था कार्यालय रौतहट गौरले दिएको जानकारी अनुसार सबैभन्दा बढी मोटरसाइक ‘ए’ मा २३ हजार जनाको आवेदन परेको थियो ।

जसमा ७ हजार ७ सय २० जना मात्रै लाइसेन्स लिन स फल भएका थिए । यसैगरी सानो सवारी ‘वि’मा ८ हजार ५ सय जनाको आवेदन परेकोमा ५ हजार ६ सय ३० जना सफल भएको समेत उनले जानकारी दिए ।

यस्तै ‘सी’मा ४ सय २ जनाको आवेदन परेकामा १ सय १९ जना पास भएका,‘इ’ मा ३ सय ९५ जनाको आवेदन परेकामा १ सय ७२ जना सफल भएको र ‘के’ अर्थात् स्कुटरको चालक अनुमति पत्रको लागि ८ सय १२ जनाको आवेदन परेकोमा २ सय ९० जनाले चालक अनुमति पत्र लिन सफल भएको कार्यालय प्रमुख दासले जानकारी दिए ।

सो कार्यालयमा १२ जना कर्मचारीको दरबन्दी भएको भएतापनि ५ जना मात्रै स्थायी कर्मचारी भएको कारण कामकाज गर्न समस्या भएको दासले गुनासो गरे । केही करारको कर्मचारी राखेर काम गरिहेको समेत उनले बताए ।

यातायात व्यवस्था कार्यालय रौतहट गौरले सवारी दर्ता, नवीकरण, बाटो इजाजत पत्र, जाँचपास, पटके इजाजत पत्रको सेवा पनि प्रदान गर्दै आएको छ । चालक अनुमति पत्रतर्फ मोटरसाइकल, स्कुटर, सानो सवारी, अटो लगायतका ६ प्रकारका सवारी साधनको चालक अनुमति पत्र प्रदान तथा नविकरण पनि गर्दै आइरहेको उनले जानकारी दिए ।

गत आर्थिक वर्षसम्म यस कार्यालयमा २ सय २२ वटा मोटरसाइकल,१० वटा जीप कार, १ सय ६ वटा अटो र १ थान बस दर्ता भएको कार्यालय प्रमुख दासले जानकारी दिए । गौरमा यातायात व्यवस्था कार्यालयले सवारी चालक अनुमति पत्रको सेवा प्रदान गर्न थालेपछि सवारी चालक अनुमति पत्र लिन यहाँका नागरिकहरुलाई विरगञ्ज, बर्दिबास धाउनुपर्ने बाध्यता हटेको छ ।

# कर्णाली योजना आयोगको सदस्यमा कालीकोटबाट योगी नियुक्त




**कमल कुमाल/मध्यान्ह**
कालीकोट, २७ साउन

कर्णाली प्रदेश योजना आयोगको सदस्यमा कालीकोटबाट अशोक नाथ योगी नियुक्त भएका छन् । विगत ३ दशकदेखि सामाजिक क्षेत्रमा काम गर्दै आएका कालीकोटको रास्कोट नगरपालिका-३ का योगी कर्णाली योजना आयोगको सदस्यमा नियुक्त भएका हुन् ।

कर्णाली प्रदेशको समग्र विकासका लागि र कर्णालीवासीको जीवनस्तर उकासेर ‘समृद्ध कर्णाली र सुखारी कर्णालीवासी’को नारालाई पूर्णता दिने योजना निर्माण गर्ने मुख्य दायित्वमा योगी पुगेका छन् । सामाजिक जागरण तथा विकास प्रतिष्ठान सादा नेपालका संस्थापक अध्यक्षसमेत रहेका योगीले सन् १९९८ देखि विभिन्न क्षेत्रबाट सामाजिक क्षेत्रमा योगदान पुऱ्याउँदै आएका छन् ।

नेपाली कांग्रेसका युवा नेता, केन्द्रीय सूचना, सञ्चार तथा प्रचार प्रसार विभागका केन्द्रीय सदस्य र लोकतान्त्रिक गैरसरकारी संस्था महासंघको केन्द्रीय उपाध्यक्ष, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय एक दर्जन बढी सञ्जालमा रहेर काम गरेको अनुभव बटुलेका योगीलाई उनको क्षमता, योग्यता र योगदानको कदर गर्दै कर्णाली प्रदेश सरकारले प्रदेश योजना आयोगको सदस्यमा नियुक्त गरेको हो ।

उनले विभिन्न क्षेत्रमा काम गरेको अनुभवका आधारमा पनि प्रदेश योजना आयोगको सदस्य पदमा रहेर कर्णाली प्रदेशको विकासमा ठूलो भूमिका खेल्ने आम नागरिकहरुको अपेक्षा रहेको छ । योगीले मानव विकास सूचकांक वृद्धि गरी विनियोजित बजेटको सदुपयोग गर्ने रणनीति, नीति र कार्ययोजना बनाएर जनताको आम्दानी बढाउँदै युवाहरूलाई आय आर्जनमा जोडेर कर्णालीवासीको जीवनस्तर उकास्नका लागि र आर्थिक स्थिति वृद्धि गर्नका लागि विशेष योजना बनाउने प्रतिबद्धता जनाएका छन् । कर्णाली प्रदेशलाई समृद्ध बनाउनका लागि दीर्घकालीन रणनीतिक योजना बनाइने र जनताको आवश्यकता अनुसार योजना निर्माण गर्ने योगीले बताए ।

## मूल्य सूचि

HK Traders Pvt. Ltd. द्धारा बिक्रि वितरण गरिदै आएको निम्न विवरणका मालबस्तुहरुको अधिकतम खुद्रा मूल्य (MRP) सर्वसाधारणलाई जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | पैठारीकर्ताको नाम ठेगाना | स्थायी लेखा नम्बर | आयात निर्यात संकेत नम्बर | सामानको नाम | ब्राण्ड | मोडेल | अधिकतम खुद्रा बिक्री मूल्य(NPR) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1. | H.K. Traders Pvt. Ltd. | 602397339 | 60239733 90102NP | RANGE HOOD | OSMO | VALENCY | 12,204 | Made in China |
| | | | | | | VALENCY | 12,500 | |
| | | | | GAS HOB | OSMO | CT 763 | 16,000 | |
| | | | | | | HRF 763 | 14,600 | |
| | | | | | | HRF 764 | 20,340 | |
| | | | | RANGE HOOD | OSMO | VENTURA | 22,035 | |

H.K. Traders Pvt. Ltd.
"Maharajgunj, Kathmandu
Contact Number: 9851014194, 01-4723065"

## साउदीमा रोजगार ।

कम्पनी : SANAM AL EMAAR CONTRACTING EST
शहर: Saudi Arabia,Riyadh

पूर्व स्वीकृत मितिः २०८१/०४/२७ चलानी नं.: ६०२२३४१८ LT. No.: 308701

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 10 | 0 | स. काममा दक्ष | 1800 | ६४,२७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ ३ गते (19 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gulf Asia Manpower Pvt. Ltd.
Battisputali, Gaushala-09, Kathmandu, Nepal, Hotline.:+977 9802340340 | 9802340341
Email : info@gulfasia.com.np web:www.gulfasia.com.np | Damak Branch: 9801615255
Govt. Lic. No. 1278/074/075

# फतुवा विजयपुरको प्रमुख प्रशासकीय अधिकृतमा प्रमोद गुप्ता

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २७ साउन



रौतहटको फतुवा विजयपुर नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको रूपमा प्रमोद गुप्ताले जिम्मेवारी पाएका छन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गुप्तालाई फतुवा विजयपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिएको हो । मन्त्रालयले पालिकाको हालका प्रशासकीय अधिकृत उपसचिव सुरेन्द्र प्रधानको स्थानमा गुप्तालाई पठाएको हो । नगरपालिकामा अर्को व्यवस्था नभएसम्म फतुवा विजयपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रूपमा कामकाज गर्न खटाइएको सामान्य प्रशासन मन्त्रालयले आइतबार जारी गरेको पत्रमा उल्लेख छ ।

## नाम परिवर्तनको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०४/२८**

साविक “जेम्स एकेडेमी प्रा.लि.” दर्ता नं. २९६६७) लाई यस कम्पनीको मिति २०८०/०१/१३ मा बसेको बिशेष साधारण सभाले विशेष प्रस्ताव पारीत गरी यस कम्पनीको नाम “साईपाल शिक्षा सदन कैलाली प्रा. लि.” अंग्रेजीमा “Saipal Shikshya Sadan Kailali Pvt. Ltd." मा परीवर्तन गरेको र कम्पनी रजिष्ट्रारको कार्यालयले मिति २०८०/०१/२० मा स्वीकृति समेत प्रदान गरेकाले साविकको कम्पनीको नामको सम्पत्ति तथा दायित्व परिवर्तित नामको कम्पनीले नै सकार्ने व्यहोर्ने व्यहोराको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

## साउदीमा रोजगार |

कम्पनी: Classic International Contracting Company Is A One Person Company
शहर : Saudi Arabia, Riyadh

पूर्व स्वीकृत मितिः २०८१/०४/२७ चलानी नं.: ६०२२३४३९ LT. No.: 308747

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unloading Workers | 3 | 0 | स. काममा दक्ष | 1000 | ३५,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ ३ गते (19 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, तहाचलमा सम्पर्क गर्नु होला ।

Nepal Life Recrutiment Agency Pvt. Ltd.
Govt. Lic. No. 1476/074/075
Gaushala, Kathmandu, Nepal, , Tel:4598920.
Mob. : 98510 76290, 98010 76290, E-mail: nepallifera1476.2017@gmail.com

## “समृद्ध खाँदबारी नगर”
## खाँदवारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

खाँदवारी, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

### प्राविधिक प्रस्ताव स्वीकृति सम्बन्धी आशयको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०४/२८**

यस कार्यालयबाट मिति २०८१/०३/१३ गते हिमालयन टाइम्स राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित सूचना अनुसार रीतपूर्वक दाखिला हुन आएका बोलपत्रहरु मध्ये सारभूत रुपमा प्रभावग्राही तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव छनौट भएकोले सार्वजनिक खरिद नियमावली,२०६४(संसोधन सहित) नियम ३१(ङ) ५ अनुसार आर्थिक प्रस्ताव खोली मूल्याकंन प्रायोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | आयोजनाको विवरण | प्राविधिक प्रस्तावबाट सारभूत प्रभावग्राही देखिएका बोलपत्रदाताहरुको नामावली | आर्थिक प्रस्ताव खोल्ने स्थान मिति र समय |
|---|---|---|---|
| 1. | Rehabilitation of Water Supply Transmission Line of Mansima water supply Project Contract ID:- KMO / NCB / Works / 07/080/081 | 1. Aakash Nirman Sewa, Melamchi sindupalchok<br>2. Keshav Shah Construction Sewa, Naubasta<br>3. Mahalaxmi-Gopi Krishna J.V, Hetauda-04<br>4. Santosh/SaiKumari J.V, Rukum Musikot 1<br>5. Samata/A.B.S/Prayan J.V, Lalitpur<br>6. Acharya/Ramchandra J.V, Khandbari Municipality-7 | २०८१/०५/०५ दिनको १:०० बजे, खाँदबारी नगरपालिकाको कार्यालय |

प्रमुख प्रशासकीय अधिकृत
खाँदबारी नगरपालिका

## चम्पादेवी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

कालिका, ओखलढुंगा
कोशी प्रदेश, नेपाल

### विद्युतिय बोलपत्र (e-Bids) आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०४/२८**

चम्पादेवी गाउँपालिका अन्तर्गत ज्ञानप्रकाश मा.वि. घोराखोरीको लागि तपसिलमा उल्लेखित कार्य विधुतिय बोलपत्रको प्रक्रियाबाट खरिद गर्नुपर्ने भएको हुँदा सो कार्यको लागि विधुतिय बोलपत्र पेश गर्न योग्य, इच्छुक इजाजत प्राप्त फर्म/कम्पनीबाट निम्न लिखित शर्तको अधिनमा रहि रीतपूर्वक विधुतिय बोलपत्र आह्वान गरिएको छ । बोलपत्र फारम तथा अन्य जानकारीका लागि www.bolpatra.gov.np/egp वा यस कार्यालयको वेभसाइट www.champadevimun.gov.np मा हेर्न सकिनेछ ।

**तपसिल**

| क्र. स. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान (भ्याट तथा कन्टेन्जेन्सी बाहेक) | धरौटी रकम |
|---|---|---|---|---|
| १ | CDRM/OKH/WORKS /NCB/01/2081/082 | Construction of Gyan Prakash Ma.Bi. Class Room Building Block-3-C-12 | रू. १,७०,०८,४८५।९३ | रू. ४,२०,०००।०० |

**शर्तहरु**

१. बोलपत्र फारम दस्तुर यस कार्यालयको कृषि विकास बैंक लि., चम्पादेवी घोराखोरी शाखामा रहेको आन्तरिक राजस्व खाता नं. Ga-1-1 (1125701782616052) मा रु ३,०००।०० (तीन हजार मात्र) जम्मा गरी सो को भौचर Scan कपी विद्युतिय बोलपत्र फारम साथ पेश गर्नु पर्नेछ ।
२. बोलपत्र फारम साथ धरौटी बापतको रकम यस कार्यालयको कृषि विकास बैंक लि., चम्पादेवी घोराखोरी शाखामा रहेको धरौटी खाता नं. Ga-3-1(1125701782616044) मा जम्मा गरेको अर्धकट्टीको सक्कल भौचर वा राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट ठेक्का नं. उल्लेख गरी यस कार्यालयको नाममा जारी भएको बोलपत्र जमानत पेश गर्नुपर्ने छ । बोलपत्र मान्य हुने अवधी बोलपत्र खोल्न तय भएको मितिबाट कम्तिमा ९० (नब्बे) दिनको हुनु पर्नेछ र बोलपत्र जमानतको मान्य अवधी बोलपत्र मान्यहुने अवधि भन्दा कम्तिमा ३० (तीस) दिन बढि (बोलपत्र खोल्न तय भएको मितिबाट कम्तीमा १२० दिन) हुनु पर्नेछ ।
३. पूर्व बोलपत्र बैठक मिति २०८१/०५/०९ गते दिनको १२:०० बजे बस्नेछ ।
४. बोलपत्र फारम, सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औ दिन (२०८१/०५/२६) को १२:०० बजेसम्म अनिवार्य अनलाईन प्रणालीमा पेश गरी सक्नु पर्नेछ । सोही दिन (२०८१/०५/२६) को १४:०० बजे कार्यालयको प्रतिनिधिहरु र बोलपत्रदाताहरुको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । बोलपत्रदाताको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिन तथा खोल्ने दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानी सो कार्यहरु गरिनेछ । यस्तो अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साविककै मितिदेखि गणना गरिनेछ ।
६. बोलपत्र स्वीकृत भएको जानकारी पाएर पनि तोकिएको समयावधीमा सम्झौता गर्न नआएमा उक्त बोलपत्र रद्द गरी निजले राखेको धारौटी जफत गरी नजिकको दोस्रो बोलपत्र स्वीकृत गरी सम्झौता गरिनेछ ।
७. कुनै वा सबै बोलपत्र, पुरै वा आंशिक रुपमा स्वीकार गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।
८. यस सूचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछ ।
साथै बोलपत्र सम्बन्धी थप जानकारी यस कार्यालयमा कार्यलय समयभित्र सम्पर्क राखी वा फोन नं ९८५२८४४४४८ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

नि.प्रमुख प्रशासकीय अधिकृत

## Invitation for Sealed Quotation

## Jhapa Rural Municipality
## Office of the Rural Municipal Executive

Taghandubba, Jhapa
Date of Second Notice Publication: 2024-08-12 (2081-04-28)

### Sealed Quotation No: SQ/JHAPA/JRM/01/081-82(RE)

1. The Jhapa Rural Municipality invites sealed quotations from registered contractors for the procurement of **“Hanuman chowk dekhi Madargach ,Simalbadi hudai ward no 3 ra 2 ko simana samma jane batoko bibhinna sthan ma bato marmat”**
2. Eligible Bidders may obtain further information and inspect the Sealed quotation Forms at the PPMO website www.bolpatra.gov.np.]
3. Bidder who chooses to submit their bid electronically shall deposit the cost of bidding document of Nrs 1000 in the account specified below:
Name of the Bank: NIC Asia Bank Ltd.
Name of the Office: Jhapa Rural Municipality Office
Code no: 80101325
Office Account no: 2022050512514014
4. Sealed bids must be submitted to the above office through e-GP system i.e www.bopatra.gov.np/egp on or before 27-08-2024 12:00 hours . Bids received after this deadline will be rejected.
5. Sealed Quotations shall be opened in the presence of Bidders' representatives who choose to attend at 24-08-2024 13:00 hours at the office of Jhapa Rural Municipality, Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security given below which shall be valid for 30 days beyond the validity period of the bid i.e 75 days.

| S. N. | NAME OF PROCUREMENT | ESTIMATED AMOUNT (EXCLUSIVE OF VAT) NRs. | BID SECURITY AMOUNT NRs. |
|---|---|---|---|
| 1. | **Hanuman chowk dekhi Madargach, Simalbadi hudai ward no 3 ra 2 ko simana samma jane batoko bibhinna sthan ma bato marmat SQ/JHAPA/JRM/01/081-82(RE)** | 1,242,935.93 | 42000 |

6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# 'भ्रष्टाचारजन्य कसुरको कारबाहीमा पाँचवर्षे हदम्याद नराखौं'



**काठमाडौं/मस**-सांसदहरुले देश विकासको बाधक मानिएको भ्रष्टाचार निर्मूल पार्न यससम्बन्धी कसुरमा संलग्नलाई हदैसम्मको सजायको व्यवस्था गर्नु अत्यावश्यक भएकामा जोड दिएका छन्।

प्रतिनिधिसभा,राज्यव्यवस्था तथा सुशासन समितिको आइतबारको बैठकमा भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयकमाथि संशोधन प्रस्ताव दर्ता गराएका सांसदहरुले भ्रष्टाचारजन्य कसुरको कारबाहीमा पाँचवर्षे हदम्याद राख्न नहुने धारणा राखे।

सांसद नारायणी शर्माले भ्रष्टाचार, अनियमिततामा संलग्न व्यक्तिलाई अनुसन्धानगरी कारबाही गर्न कुनै हदम्याद राख्न नहुनेमा जोड दिइन्। 'जहिले भ्रष्टाचार तथा अनियमितता भएको थाहा हुन्छ, त्यतिबेला पनि कारबाही गर्ने बाटो खुला राख्नुपर्छ', उनले भनिन्, 'भ्रष्टचारीलाई कारबाही गर्न हदम्याद राख्न हुँदैन।'

सांसद अर्जुननरसिंह केसीले पाँच वर्षपछि भ्रष्टाचारको मुद्दा नचल्ने प्रावधान हटाइनुपर्ने बताए। उनले नीतिगत निर्णयका आधारमा गरिने भ्रष्टाचारलाई निर्मूल गर्न विधेयकमा यससम्बन्धी निर्णयको स्पष्ट व्याख्या हुनुपर्नेमा जोड दिए।

राज्यव्यवस्था समितिमा छलफल भइरहेको सो विधेयकमा भ्रष्टाचारजन्य कसुरमा त्यस्ता कार्य भएको थाहा पाएको पाँच वर्षभित्र मुद्दा चलाउनुपर्ने हदम्यादसहितको व्यवस्था राखिएको छ। सांसद ज्ञानु बस्नेत सुवेदीले भ्रष्टाचारमा संलग्नलाई दिइने दण्ड सजायलाई कडा बनाइनुपर्नेमा जोड दिँदै भ्रष्टाचारका ठूला घटनामा संलग्नलाई जन्मकैदको व्यवस्था हुनुपर्ने धारणा राखिन्।

सांसद रञ्जुकुमारी झाले एकपटक भ्रष्टाचारी प्रमाणित भएको व्यक्ति सधैंको भ्रष्टाचारी हुने भन्दै त्यस्तो घटनामा संलग्नलाई कडा साजयको व्यवस्था गर्नुपर्नेमा जोड दिइन्। 'भ्रष्टाचार गम्भीर अपराध हो, त्यस्ता कार्यमा संलग्न व्यक्तिका लागि यो बानी पनि हो। तसर्थ गलत बानी सुधार गर्न र अरुलाई सजग बनाउन कडा साजयको व्यवस्था गर्नुपर्छ',उनले भनिन्।

सांसद रोशन कार्कीले भ्रष्टाचार निवारणका लागि राजनीतिक प्रतिबद्धता र कार्यान्वयन अत्यन्त महत्वपूर्ण रहेको उल्लेख गरिन्। 'भ्रष्टाचारीप्रति दया, माया नगरौँ, कठोर बनौँ', उनले भनिन्,' भ्रष्टाचारमा संलग्नलाई जुनसुकै बेला पनि कारबाही हुने प्रावधान राख्नुपर्छ।'

सांसद सोविता गौतमले भ्रष्टाचारजन्य कसुरमा शून्य सहनशीलता कायम गर्नुपर्नेमा जोड दिँदै भ्रष्टाचार भएको रकमअनुसार जरिवारना र कैद सजायको व्यवस्था गर्नु उपयुक्त हुने बताइन्। उनले एक अर्बभन्दा बढी भ्रष्टाचार गर्नेलाई २० वर्ष वा निज जीवित रहेसम्म कैद सजायको व्यवस्था राख्न सुझाव दिइन्। सांसद श्यामकुमार घिमिरेले निजी क्षेत्रलाई पनि भ्रष्टाचारसम्बन्धी अनुसन्धानका दायरामा ल्याउन नहुने धारणा राख्दै यसबाट निजी क्षेत्र हतोत्साहित हुने दाबी गरे। 'कठोर सजाय दिएर मात्रै भ्रष्टाचार निवारण हुँदैन, यसबाट लोकतन्त्र झन् कमजोर हुन्छ', उनले भने।

सांसद मनिष झाले भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्र संघीय अभिसन्धि अनुकूलका व्यवस्था राखेर विधेयक संशोधन गरिनु उपयुक्त हुने सुझाव राखे। सांसद नागिना यादवले भ्रष्टाचारीलाई हदैसम्मको कारबाही हुनुपर्ने मान्यतामा रहेर कडा दण्डसजायको व्यवस्था गर्न आवश्यक रहेको बताइन्। सांसद प्रेम सुवालले अत्यधिक सम्पत्ति मोहले पनि भ्रष्टाचारका घटना बढेको दाबी गर्दै सरकारी राजस्व दुरुपयोग गरी अनावश्यक संरचना निर्माण गर्ने विषयलाई पनि भ्रष्टाचारको स्वरुप मान्नुपर्ने बताए।

**अख्तियारका पदाधिकारीसँगको छलफलपछि मात्रै दफावार छलफल**

बैठकमा सांसद हृदयराम थानीले दफावार छलफल प्रारम्भ हुनुअगावै विधेयकका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीसँग छलफल गर्नु उचित हुने धारणा राखेका थिए। त्यसपछि समितिका सभापति रामहरि खतिवडाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीसँगको छलफलपछि विधेयकमाथि दफावार छलफल अघि बढाइने जानकारी गराए। समितिको बैठकले सो विधेयकको प्रस्तावना र नाम पारित गरेको छ।

बैठकमा गृहमन्त्री रमेश लेखकले समितिको संशोधन सरकारलाई स्वीकार्य भएको उल्लेख गर्दै समितिबाट यथाशीघ्र टुंग्याइदिन आग्रह गरे।

# मृतकका परिवारलाई २५ लाख दिने सहमति



**सोलुखुम्बु/मस**-सल्लेरीमा करेन्ट लागेर ज्यान गुमाएका विष्णु राईको परिवारलाई क्षतिपूर्तिवापत २५ लाख रुपैयाँ दिने सहमति भएको छ। सल्लेरी च्याल्सा विद्युत् कम्पनी र मृतकका परिवारका तर्फबाट गठित वार्ता समितिबीच उक्त सहमति भएको हो।

सोलुदुधकुण्ड नगरपालिका-६ का वडाध्यक्ष फुर्वा ग्याल्जेन शेर्पाले दुवै पक्षबीच ११ बुँदे सहमति भएको जानकारी दिए। सहमतिअनुसार मृतकका परिवारलाई १० लाख सोमबार नै उपलब्ध गराउने र बाँकी १५ लाख आगामी मङ्सिरमसान्तसम्म उपलब्ध गराइने छ।

साथै मृतकका सन्तानलाई स्नातकोत्तरसम्मको पढाइको जिम्मा कम्पनीले लिने, परिवारले मृतकको अनिवार्य अवकाश उमेरसम्म विद्युत् महसुलमा छुट पाउने, र घटनाको निष्पक्ष छानबिनका लागि कम्पनीका निर्देशक नुरु लामा शेर्पाको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन समेत गरिएको छ।

सोही घटनामा घाइतेको उपचारको सबै खर्च कम्पनीले बेहोर्ने, दैनिक ज्यालादारीमा रहेका घाइतेलाई करार नियुक्तीका लागि प्रस्ताव अघि बढाउने, कर्मचारी तथा दैनिक ज्यालादारीमा काम गर्नेको जीवन बीमा गर्ने पनि सहमति भएको जनाइएको छ।

सहमतिपत्रमा मृतक राईकी पत्नी जर्मनी राई र छोरा उज्वल राई तथा कम्पनीका तर्फबाट सञ्चालक समिति सदस्य नारायणकाजी श्रेष्ठ, महाप्रबन्धक भोजराज तिवारी र प्राविधिक अधिकृत इन्जिनियर विकासमान राईले हस्ताक्षर गरेका छन्।

शनिबार सल्लेरी क्षेत्रको रुखविरुवा कटान गर्ने क्रममा करेन्ट लाग्दा दुधकोशी गाउँपालिका-९ लोखिमका विष्णु राईको मृत्यु भएको थियो। साथै कम्पनीका प्राविधिक सहयोगी सोलुदूधकुण्ड नगरपालिका-६ का ३० वर्षीय बुद्धि राजभण्डारी, ३४ वर्षीया टसी शेर्पा र ५१ वर्षीय कुमार बस्नेत घाइते भएका थिए। घाइतेहरुको जिल्ला अस्पताल फाप्लुमा उपचार भइरहेको कम्पनीका वित्तीय अधिकृत मेमकुमारी मास्केले जानकारी दिए।

# भारतीय विदेश सचिव मिस्रीले गरे नेपाल भाषा परिषद्को भवन उद्घाटन



**काठमाडौं/मस**-भारत सरकारको भूकम्पपछिको पुनर्निर्माण अनुदान सहयोगअन्तर्गत निर्माण गरिएको काठमाडौंस्थित नेपाल भाषा परिषद्को नयाँ भवनको उद्घाटन गरिएको छ।

नेपालको औपचारिक भ्रमणमा आज आएका भारतीय विदेश सचिव विक्रम मिस्री र सरकार सहरी विकास मन्त्रालयका सचिव मणिराम गेलालले आज सो भवनको संयुक्त रुपमा उद्घाटन गरेका हुन्।

परराष्ट्र मन्त्रालयकी सचिव सेवा लम्सालको मैत्रीपूर्ण निमन्त्रणामा भारतीय विदेश सचिव मिस्री नेपालको दुईदिने औपचारिक भ्रमणका लागि आएका हुन्। नेपाल र भारतबीच सदियौं पुरानो सभ्यतागत, सांस्कृतिक र जनता-जनताबीचको सम्बन्ध रहेको छ।

भारत सरकारको सहयोगमा नेपालमा ठूला पूर्वाधार तथा कनेक्टिभिटी परियोजनाहरु सम्पन्न भई र नयाँ परियोजनाहरु अघि बढाई उच्चस्तरीय आदानप्रदानलाई गति दिँदै पछिल्लो वर्षहरुमा दुई देशबीचको द्विपक्षीय सहकार्य अझ मजबुत भएको छ। विदेश सचिव मिस्री सोमबार काठमाडौंबाट प्रस्थान गर्नेछन्।


**शुभकालिका गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सुकाटिया, कालीकोट**
**कर्णाली प्रदेश, नेपाल**

**आ.व. २०८१/०८२ को लागि मौजुदा सूची दर्ता गर्ने सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०८१/०४/२८)**

यस कार्यालयको लागि आ.व. २०८१/०८२ मा तपशिल बमोजिमका सामानहरु तथा सेवाहरु एकै पटक वा पटक-पटक आपूर्ति गर्न गराउनको लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम मौजुदा सूची तयार गर्नुपर्ने भएकोले सो कार्यको लागि आवश्यक योग्यता पुगेका इच्छुक सम्बन्धित इजाजत प्राप्त व्यक्ति, संस्था, आपूर्तीकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायकले एक भन्दा बढी कार्यहरुको लागि छुट्टाछुट्टै विवरण भरी यस कार्यालयमा यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र सूची दर्ता गराउनको लागि आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**(क) मालसामान आपूर्ति तथा मर्मत तर्फ :**

**तपशिल:**

१) स्टेशनरी, मसलन्द तथा कार्यालय सम्बन्धी सामानहरु आपूर्ती कार्य।
२) छपाइ गर्ने र त्यस सम्बन्धी सामानहरु आपूर्ती कार्य।
३) फर्निचर तथा फर्निसिङ्ग सम्बन्धी सामानहरु आपूर्ती तथा मर्मत कार्य।
४) Computer, Laptop, Printer, Fax, Photocopy Machine, Telephone Set, Projector आपूर्ती र मर्मत कार्य।
५) खानेपानी (मिनरल र ड्रिङ्कङ्ग वाटर) आपूर्ती कार्य।
६) सवारी साधन (कार, जिप, मोटरसाइकल, दमकल, हेवी इक्वीपमेन्ट) र सोको पार्टपूर्जाहरु सम्बन्धी सामानहरु आपूर्ती तथा मर्मत कार्य।
७) मेडिकल उपकरण सम्बन्धी सामानहरु आपूर्ती तथा मर्मत कार्य।
८) औषधि तथा औषधिजन्य सम्बन्धी सामानहरु आपूर्ती कार्य।
९) कृषिजन्य तथा सरसफाइजन्य सामाग्रीहरुको आपूर्ती कार्य।
१०) ईन्जिनियरिङ सम्बन्धी सामानहरु आपूर्ती कार्य।
११) खानेपानि, सडक, बिद्युत, सिंचाई लगायतका निर्माण तथा सोका सामानहरुको आपूर्ति तथा मर्मत सम्भार कार्य।
१२) यस कार्यालय र अन्तर्गत कार्यालयहरुको लागि आवश्यक पर्ने मेशिनरी सामान (जेनेरेटर, इन्भर्टर, युपिएस, भ्याकुम क्लिनर आदि) सम्बन्धी सामानहरु आपूर्ती तथा मर्मत कार्य।

**(ख) निर्माण कार्य तर्फ:**

१) सार्वजनिक सम्पत्ति (भवन, वाल बाउन्ड्री, ट्रस आदि) निर्माण तथा सो को मर्मत सम्भार कार्य।
२) कार्यालय अन्तर्गतको सम्पत्ति, पार्क, सार्वजनिक स्थल, बगैचा निर्माण, संचालन तथा मर्मत कार्य।
३) भौतिक निर्माण तथा मर्मत सम्भार कार्य।

**(ग) अन्य सेवा तर्फ:**

१) कुरियर सेवा सम्बन्धी कार्य।
२) विज्ञापन तथा सूचना प्रकाशन तथा प्रशारण गर्ने कार्य।
३) श्रव्य दृश्य सामाग्री निर्माण तथा प्रशारण गर्ने कार्य।
४) कार्यालय सरसफाई, कार्यालय सुरक्षा, बगैचा व्यवस्थापन सेवा, प्लम्बिङ्ग तथा वेरिङ्ग सेवा, वार्षिक रुपमा मर्मत सम्भार सेवा,
५) विमा सम्बन्धी सेवा,
६) इन्टरनेट तथा नेटवर्कीङ्ग सेवा,

**(घ) परामर्श सेवा तर्फ :**

१) Consultancy Service (योजना तर्जुमा, वित्तीय अध्ययन, अनुसन्धान, अनुगमन, निरिक्षण, इष्टिमेट गर्ने, गुरुयोजना, डिपिआर लगायतका प्रविधिक तथ विशेषज्ञ सेवा) को कार्य।
२) वेबसाइट डिजाइन संचालन अपडेट, सफ्टवेयर निर्माण सम्बन्धी कार्य।
३) इन्जिनियरिङ्ग, ड्रईङ, डिजाइन निर्माण सुपरिवेक्षण गर्ने कार्य।

**निवेदकले पेश गर्नुपर्ने कागजातहरूको विवरण:**

क) कम्पनी/संस्था/फर्म दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
ख) स्थायि लेखा नंम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
ग) कम्पनी/संस्था/फर्म नविकरण/अद्यावधिकको प्रमाणित प्रतिलिपि।
घ) आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
ङ) आवश्यकता अनुसारको व्यावसायिक इजाजतपत्रको प्रमाणित प्रतिलिपि।

**अन्य जानकारीहरू:**

१) माथि उल्लेखित एक भन्दा बढी कार्य एउटै कम्पनी/संस्था/फर्मबाट गर्ने भएमा छुट्टाछुट्टै कार्यको लागि छुट्टाछुट्टै सूची दर्ता गराउनु पर्नेछ।
२) सूचीकृत भएका कम्पनी/संस्था/फर्मबाट कार्यालयको आवश्यकता अनुसार सामान वा सेवा वा निर्माण कार्य गर्न सकिनेछ।
३) सूचीकृत भएका कम्पनी/संस्था/फर्म हरुले सन्तोषजनक सामान वा सेवा वा निर्माण कार्य गर्न नसकेमा सूचिकृतबाट हटाउन सकिनेछ। सो उपर कुनै दावी विरोध लाग्नेछैन।
४) कम्पनी/संस्था/फर्म सूचिकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।
५) सूचनामा उल्लेखित सेवा भन्दा फरक सेवा लिनु पर्दा आवश्यता परेको समयमा नै सूचीकृत गरी सेवा खरिद गर्न सकिनेछ।
६) सूचीकृत गराउन चाहने कम्पनी/संस्था/फर्मले आफ्नो फर्मको ठेगाना, सम्पर्क नं. मोबाइल नं. र सम्पर्क व्यक्ति समेत स्पष्ट उल्लेख गर्नुपर्नेछ।

**प्रमुख प्रशासकीय अधिकृत**


# मनसुनजन्य विपद्बाट तुलनात्मकरुपमा क्षति कम हुनु पूर्वतयारीको नतिजा हो : गृहमन्त्री




**काठमाडौं/मस**-गृहमन्त्री रमेश लेखकले मनसुनजन्य विपद्बाट तुलनात्मक रुपमा क्षति कम हुनु पूर्वतयारीको नतिजा भएको बताएका छन्।

राष्ट्रिय सभाअन्तर्गतको संघीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिको आइतबारको बैठकमा गृहमन्त्री लेखकले भने,'अत्यधिक वर्षा भएपनि तुलनात्मक रुपमा जनधनको क्षति कम भएको छ। त्यो पूर्वतयारीको नतिजा हो। हामीले गरेका प्रतिबद्धताअनुसार नै काम भइरहेका छन्। केहीमा कमजोरी होला, तर प्राकृतिक प्रकोपमा सजगता अपनाइ काम गरिरहेका छौं।' बैठकमा बाढी, पहिरोलगायतका मनसुनजन्य घटना एवं विपद् व्यवस्थापन सम्बन्धमा भएका काम कारबाही तथा भावी कार्ययोजनाका विषयमा छलफल भएको थियो। गृहमन्त्री लेखकले सरकारले मनसुनजन्य घटना एवम् विपद् व्यवस्थापनमा के कार्य भइरहेका छन् भन्ने विषयमा जानकारी गराएका थिए।

उनले भने,'नेपालमा मनसुन अझै डेढ महिनाभन्दा बढी समय रहन्छ, देशका अधिकांश भागमा सरदरभन्दा बढी पानी परेर जमिन गलेका कारण विपद्का घटना हुनसक्ने भएकाले चनाखो हुँदै थप कदम चाल्ने काम भइरहेको छ।'

गृहमन्त्री लेखकले चीन सरकारको सहयोगमा करिब रु पाँच करोड बराबरको उद्धार तथा राहत सामग्री प्राप्त गरी देशको विभिन्न गोदाम घरमा भण्डारण गरिएको जानकारी दिए। 'थप रु १७ करोड बराबरको उद्धार तथा राहत सामाग्री प्राप्तिको प्रक्रियामा रहेको छ', उनले भने। गृहमन्त्री लेखकका अनुसार २०८१ जेठ २८ गतेदेखि हालसम्म मनसुनजन्य तथा विपद्का एक हजार दुई सय १२ घट्ना घटेकामा पहिरो, बाढी र चटयाङमा परी एक सय ७० जनाको मृत्यु भएको थियो। ती घट्नामा परेर ४४ जना बेपत्ता भएका छन् भने एक सय ९७ जना घाइते भएका थिए।

गृहमन्त्री लेखकका अनुसार हालसम्म पहिरोमा परेर मात्र एक सय नौ जनाले ज्यान गुमाएका छन्। पहिरोमा ३९ जना बेपत्ता भएका छन्। यस्तै बाढीबाट ३५ जनाको मृत्यु भएको छ भने ६ जना बेपत्ता भएका छन्। चट्याङमा परेर २४ जनाको मृत्यु भएको उनले जानकारी दिए। उनले नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरी गरी १८ हजार सात सय ७७ सुरक्षाकर्मी राहत, खोज तथा उद्धारमा खटिएको जानकारी दिए। आगामी डेढ महिना अझै मनसुन बाँकी रहेकाले सोही अनुसार गृह मन्त्रालयले गृहकार्य गरी पूर्वतयारी गरिरहेको उनले बताए। संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिसित विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा आवश्यक वित्तीय स्रोतको व्यवस्थापन, व्यवस्थापनमा भइ गरेका क्रियाकलापहरुको निरन्तर अनुगमन र पृष्ठपोषण गर्नुका साथै समितिको छलफलको क्रममा रहेका अन्य विषयगत कानुन निर्माणमा विपद् जोखिम न्यूनीकरणको आयाम समावेश गर्न अपेक्षा गरिएको गृहमन्त्री लेखकको भनाइ थियो।

बैठकमा गृहमन्त्री लेखकले सिमलताल बस दुर्घटनाको अध्ययन प्रतिवेदनको निष्कर्ष र कार्यान्वयनको कार्ययोजनाका सम्बन्धमा प्रतिवेदन पेस भइसकेको र प्राप्त भएका सुझावअनुसार मन्त्रालयले काम कारबाही थाल्ने बताए। गत असार २८ गते नारायणगढ-मुग्लिङ खण्डको भरतपुर महानगरपालिका-२९ सिमलतालमा पहिरोमा परी दुई यात्रुबाहक बस त्रिशूली नदीमा खसेका थिए।

गृहमन्त्री लेखकले भने, 'सिमलताल दुर्घटनाका सम्बन्धमा गृहमन्त्रीस्तरको निर्णयबाट सहसचिव छवि रिजालको संयोजकत्वमा कार्यदल गठन भइ यसले प्रतिवदेन पेस गरेको छ। प्रतिवदेनले यस प्रकारका घटना आगामी दिनमा हुन नदिन र सम्बन्धित निकायले गर्नुपर्ने सुझाव पेस गरेको छ।' बैठकमा सांसदहरुले गृहमन्त्री लेखकलाई सडक असुरक्षित भएका, विकासको ढाँचा परिवर्तन गर्नुपर्ने, विपदबाट पीडितलाई राहतमा ढिलाइ नगर्न, क्षति न्यूनीकरणमा र उद्धार तथा राहतमा ध्यान दिन,पूर्वतयारीलाई प्राथमिकता दिन,चाडपर्वका बेला यातायात सेवा व्यवस्थित गर्नुपर्नेलगायतका सुझाव दिएका थिए।

# आक्रमण र अनलाइन गलत सूचनाले बंगलादेशी हिन्दुहरुमा त्रास

**काठमाडौं/एजेन्सी–** बंगलादेशी युवा व्यवसायी तनुश्री शाह प्रधानमन्त्री शेख हसिनालाई सत्ताबाट बर्खास्त गरेपछि आफ्नो परिवारविरुद्ध हालैको भीडको हिंसाबाट आक्रोशित भएका छन् । उनलाई आफ्ना हिन्दु साथीहरुले थप प्रतिशोधको सामना गर्नसक्छन् भन्ने डर छ ।

ती डर उचित भए पनि हिन्दु-बहुल छिमेकी मुलुक भारतमा मिडियाद्वारा अनलाइनमा फैलाइएका अन्य घातक आक्रमणको झुटा अफवाहहरुको लहरबाट यसलाई बढावा मिलेको छ । अधिकांश मुस्लिम बंगलादेशमा हिन्दु सबैभन्दा ठूलो अल्पसंख्यक समुदाय हो र यो समुदायलाई हसिनाको पार्टी अवामी लिगका लागि दृढ समर्थनको आधार मानिन्छ ।

सोमबार हसिनाको अचानक राजीनामा र विदेश पलायनपछि उनको १५ वर्षको शासन अन्त्य गरेसँगै धेरै हिन्दु परिवार आफ्ना छिमेकीहरुको निशानामा आए । राजधानी ढाकामा हस्तकला व्यवसायका ३१ वर्षीय प्रबन्धक शाहले भने, 'एक समूहले मेरो काकाको पसलमा तोडफोड गरे ।'

उनले भीडले काकाको पैसा चोरेको र मैमनसिंह सहरको उत्तरमा किराना पसलको सेफ खाली गरिदिएको बताए । त्यसपछि काकालाई उनीहरुले पिटेको र भविष्यमा आक्रमण रोक्न थप पैसा मागेको शाहले बताए ।

शाह ढाका विश्वविद्यालय नजिकै हसिनालाई सत्ताबाट हटाउने विद्यार्थीहरुको विरोध प्रदर्शनमा गत महिना एक हजारभन्दा बढी हिन्दुसँग उभिएका थिए । उक्त समूह नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वको मुलुकको नयाँ अन्तरिम सरकारसँग आफ्नो धर्मका सदस्यहरुलाई तत्काल क्षति हुनबाट बचाउन तुरुन्तै माग गर्न भेला भएको थियो ।




## साउदीमा रोजगार | कम्पनी : AXIS INSPECTION COMPANY LIMITED
शहर : Saudi Arabia, Riyadh

पूर्व स्वीकृत मितिः२०८०/०४/२२ चलानी नं.: ६०२०५७५८ LT. No.: 290375 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bus Driver | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६४,२७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Truck Driver | 10 | 0 | | 1800 | ६४,२७८ | | | | | | | |
| 3. | Manufacturing Worker | 13 | 0 | | 1200 | ४२,८५२ | | | | | | | |

कम्पनी : AL FAHHAD ZEGWAARD CO.(ONE PERSON COMPANY) शहर : Riyad
पूर्व स्वीकृत मितिः २०८१/०२/३० चलानी नं.: ६०२२१०६३ LT. No.: 306380 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक दा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Water Pump Operator | 25 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ७१,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | heavy Truck Driver | 5 | 0 | | 1800 | ६४,२७८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ ३ गते (19 August 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

